# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# घोराही उपमहानगरपालिका, दाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदुरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**( प्रदेश नं. ५, कर्णाली र सुदुरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या:२०७६/७७
च.नं :२२

मितिः २०७७/३/२५

श्री प्रमुखज्यू,
घोराही उप-महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
घोराही, दाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

( चन्द्रकान्त भण्डारी )
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**(प्रदेश नं.५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं :२२

मितिः २०७७।३।२५

श्री प्रमुखज्यू,
घोराही उप-महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले घोराही उप-महानगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु १४ करोड ६२ लाख ६२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ करोड ५४ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १४ लाख ८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ करोड ७५ लाख ४५ हजार र पेश्की बाँकी रु ३ करोड १८ लाख ३५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न ५ दफाको रु २१ करोड ६८ लाख ३५ हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३० (तीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं ।

लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत उप-महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**घोराही उप-महानगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५/७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले उप-महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै उपमहानगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस उपमहानगरपालिका अन्तर्गत १९ वडा, ९६ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र घोराही उपमहानगरपालिका भित्र रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७५।७६ को स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आय | | व्यय | | कैफियत |
|---|---|---|---|---|
| **शीर्षक** | **रकम रु** | **शिर्षक** | **रकम रु** | |
| **गत बर्षको अल्या बैंक मौज्दात** | ९४,११५,४१४.३१ | | | |
| **सशर्त अनुदान संघीय** | ४९७,४३७,०००.०० | **सशर्त अनुदान संघीय** | ४६९,१८९,१६५.९६ | |
| **समानीकरण अनुदान** | ३२४,६००,०००.०० | **समानीकरण अनुदान** | ३२४,६००,०००.०० | |
| **सम्पुरक अनुदान** | ४,७४९,४८८.०० | **सम्पुरक अनुदान** | ४,७४९,४८८.०० | |
| सामाजिक सुरक्षा | २१७,३७२,०००.०० | सामाजिक सुरक्षा | २१२,६९२,०००.०० | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ९,७९२,२२२.०० | प्रधानमन्त्री रोजगार कार्यक्रम | ९,७९२,२२२.०० | |
| तराइ मधेश समृद्धी कार्यक्रम | ३०,७९२,२२२.०० | तराइ मधेश समृद्धी कार्यक्रम | २१,५७७,४१३.९८ | |
| स्थानीय पूर्वाधार विकास कार्यक्रम | २५,३८५,०००.०० | स्थानीय पूर्वाधार विकास कार्यक्रम | २४,७४५,०७१.२५ | |
| गरिवसँग विश्वेश्वर | ५६८,०००.०० | गरिवसँग विश्वेश्वर | ५६८,०००.०० | |
| प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम | ३०५,०००.०० | प्रदेश तथा स्थानीय क्षमता विकास कार्यक्रम | २५५,०००.०० | |
| समानीकरण अनुदान प्रदेश | ५,४८४,७५०.०० | समानीकरण अनुदान प्रदेश | ५,४८४,७५०.०० | |
| प्रदेश सरकार ससर्त | ९,९७५,०००.०० | प्रदेश सरकार ससर्त | ९,७५८,०४०.६५ | |
| युनिसेफ नेपाल | १,६७४,३६७.०० | युनिसेफ नेपाल | १,६७४,३६७.०० | |
| सडक बोर्ड नेपाल | ५,७६९,०३९.०० | सडक बोर्ड नेपाल | ३,७००,९१०.०० | |
| द्वन्द्व प्रभावित परिवार मेशिनरी औजार | १,११०,०००.०० | द्वन्द्व प्रभावित परिवार मेशिनरी औजार | ८२४,६३०.०० | |
| सामाजिक सुरक्षा बैंक फिर्ता | १३,७८१,४६०.०० | सामाजिक सुरक्षा बैंक फिर्ता | | |
| घरजग्गा रजिष्ट्रेशन | १०५,४३८,५९८.०० | आन्तरीक श्रोतबाट खर्च | २०९,२५९,१५७.९७ | |
| मुल्य अभिवृद्धिकर | १५८,२२३,५८३.६२ | फ्रिज रकम | ६५,३५१,९००.१८ | |
| अन्त शुल्क | १९,४२५,९१८.८० | सञ्चित कोषबाट भएको व्यय | ७३,५३६,९४८.९३ | |
| आन्तरिक आम्दानी | १५२,९८८,७३४.३१ | | | |
| लागत सहभागिता | २०,८००,२६३.२९ | लागत सहभागिता | २०,८००,२६३.२९ | |
| बेरुजु | ३७,८२५.०० | बैंक मौज्दात | २४१,२६६,५५६.१२ | |
| जम्मा | १६९९८२५८८५.३३ | जम्मा | १६९९८२५८८५.३३ | |
| | | | ०.०० | |

......

| सि नं | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १. | **चालु र पूँजिगत खर्च विवरण:** उप महानगरपालिकाले चालु खर्च र पूँजिगत खर्च शिर्षकमा स्वीकृत कार्यक्रम अनुसार निकासा खर्चको अभिलेख राख्नु पर्नेमा चालु र पूँजिगत नछुट्याई खर्च गरेकोले चालु तथा पूँजिगत खर्च विश्लेषण हुन सकेन । | |
| २. | **वित्तिय विवरणको यथार्थता:** कार्यालयले सन्चित कोषको एकिकृत हिसाव तयार गरेको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| २.१ | **वित्तीय प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगर स्तरिय तथा वडा स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । कार्यालयको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ । | |
| ३ | **आन्तरिक नियन्त्रण प्रणाली** यसमा देहायका व्यहोराहरु देखिएका छन् , | |
| ३.१ | क) राजश्व वक्यौता असुली सन्तोषजनक भएको छैन ।<br>ख) जिन्सी सामानको मर्मत तथा लिलाम विक्रि गरेको छैन ।<br>ग) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणीत गर्ने गरेको छैन ।<br>घ) उपभोक्ता समिति मार्फत भुक्तानी भएको मु.अ.करको जानकारी सम्बन्धीत आन्तरीक राजश्व कार्यालयलाई दिने गरेको छैन ।<br>ङ) कार्यालयले अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको छैन ।<br>च) चालु खर्च र पुँजिगत खर्चको श्रेष्ता छुट्टाछुट्टै राखेको पाइएन।<br>(छ) आम्दानी खर्चका केहि गोश्वरा भौचरहरु सिलसिलेवार रुपमा फाइलमा रख्ने नगरेको ।<br>(ज) बजेट खर्च लेख्दा बैक आदेश तयार गरेकोमा सम्बन्धित बैकले बुझेको प्रमाणहरु राख्ने नगरेको<br>(झ) कार्यालायले साार्वजनिक खरीद ऐन २०६३ को दफा ६(क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागी मौजुदा सुचि तयार गरिएको पाइएन ।<br>(ञ) यस उपमहानगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>(ट) सार्वजनिक खरीद नियमावलि २०६४ को नियम ११२ बमोजिम रु १० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा बिमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।<br>(ठ) सार्वजनिक खरीद नियमावलि २०६४ को नियम ९७ बमोजिम यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>(ड) यस वर्ष उपमहानगरपालिकाले तलवि प्रतिवेदन परित नगराई तलब तथा भत्ता भुक्तानी गरेको ।<br>(ढ( कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर राखेको पाइएन ।<br>(ण) वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>(त) यस उपमहानगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता राख्नु पर्नेमा राखेको छैन । त्यसै गरी ठेक्का अनुसार खर्च गर्न मिल्ने र खर्च गरीएको कन्टिन्जेन्सि रकमको हिसाब पनि राखेको छैन । | |
| ३.२ | **कार्यविवरण**:- निजामति सेवा नियमावली, २०५० को नियम ९ (१) को खण्ड घ र ङ मा निजामति पदहरुको अनुसूची ४ बमोजिमको कार्य विवरण तयार गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्य विवरण तयार गरी लागु गरेको देखिएन । अतः कार्य विवरण तयार गरी कर्मचारीहरुलाई जिम्मेवार बनाईनु पर्दछ । | |
| ३.३ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउ/उपमहा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सालबसाली सरसफाईको काममा आफ्नो क्षेत्रको सडक | |

| | | |
|---|---|---|
| | सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । तर कार्यालयले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । | |
| ४ | **बजेट, अख्तियारी,कार्यक्रम,योजना तर्जुमा र कार्यान्वयन :-** यसमा देहायको व्यहोराहरु देखिएका छन् । | |
| ४.१ | **वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५ आषाढ १० मा पेश गरि २०७५ आषाढ १४ गते स्वीकृत गरेको छ । | |
| ४.२ | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुखले प्रमुख प्रसासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने ब्यवस्था छ । उपमहा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०३।१४ गते सभावाट स्वीकृत भएकोमा प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यबस्था अनुसार २०७५/०४/०१ मा मात्र उपलव्ध गराएको देखियो । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४.३ | **आन्तरीक लेखापरीक्षण:** आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ९६(३) मा उपमहानगरपालिकाले आन्तरीक लेखापरीक्षणबाट निस्केका वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराई वा प्रमाण पेश गनु पर्ने भए प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी वेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । उपमहननगरपालिकाले लेखापरीक्षणका क्रममा आन्तरीक लेखापरिक्षण उपलब्ध नगराएको र लेखापरीक्षण को अन्तिम समयमा आएर आ.ले प. अधिकृत ले सबै बेरुजु फछ्यौट गरी कुनै पनि बेरुजु नरहेको भनि पत्र मात्र उपलब्ध गराएको छ । | |
| ४.४ | **योजनागत लक्ष्य प्रगति** :आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार वार्षिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । त्यस अनुरुप कार्यालयले चालु वर्ष सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गर्नु पर्दछ । तर कार्यालयले त्यस अनुसार लक्ष्य प्रगति विवरण तयार गरेको छैन । उपमहा नगरपालिकाले पेश गरेको विवरण अनुसार मुल कार्यक्रम ३०० मध्ये ३०० मा नै ७५ प्रतिशत सम्म प्रगति र सहायक कार्यक्रम १,०३६ मध्ये १०३६ मा नै ७५ प्रतिशत सम्म प्रगति देखिएको छ । कार्यालयले योजना खाता राखेको छैन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्न तथा लक्ष्य वमोजिम प्रगति हासिल गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ । | |
| ४.५ | **टुक्रे योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी अधिकांश रु ५० हजार र सो भन्दा साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनु पर्दछ । | |
| ४.६ | **चौमासिक कार्यक्रम र आषाढको खर्च:** अर्थ मन्त्रालयले वार्षिक कार्यक्रम तथा खर्च गर्ने अख्तियारी पत्रका साथ दिएको निर्देशन अनुसार अन्तिम चौमासीक तथा आषाढ महिनामा कुल खर्चको क्रमश ४० र २० | |

प्रतिशत भन्दा वढी हुने गरी खर्च गर्न नहुने व्यवस्था गरेको छ । कार्यालयले यो वर्ष कुल खर्च रु १ अर्ब ३५ करोड ५० लाख ४६ हजार गरेकोमा तेस्रो चौमासिकमा रु ८९ करोड ५६ लाख ७७ हजार अर्थात ६६.०९ प्रतिशत र आषाढ महिनामा रु ४८ करोड ९४ लाख ९४ हजार अर्थात ३६.१२ प्रतिशत खर्च गरेको छ । अतः कार्यालयले वजेट खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गर्नुपर्दछ ।

| खर्च शिर्षक | कूल खर्च रु हजारमा | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|
| चालु खर्च | ८५५,२५२ | २२९,७४७ | १४३,१६९ | ४८२,३३५ | २५४,४७८ |
| पुँजिगत खर्च | ४९९,७९४ | २१,२७६ | ६५,१७५ | ४१३,३४२ | २३५,०१६ |
| जम्मा खर्च | १,३५५,०४६ | २५१,०२३ | २०८,३४४ | ८९५,६७७ | ४८९,४९४ |
| खर्च प्रतिशत | १०० | १८.५२ | १५.३७ | ६६.०९ | ३६.१२ |

५. **अनुगमन मुल्यांकन एवं पृष्ठपोषण व्यवस्थाः** कार्यालयले कार्यक्रम सन्चालन पश्चात गरेको कामको अनुगमन मूल्यांकन गरी निर्देशन र पृष्ठपोषण गरेको हुनुपर्छ । उपमहा नगरपालिकाको चालु खर्चको फाँटवारी अनुसार भ्रमण खर्चमा रु ५० लाख विनियोजन गरेकोमा ५३ लाख खर्च र अन्य भ्रमणमा रु ५ लाख विनियोजन गरेकोमा रु १ लाख ९८ हजार खर्च गरेको देखियो । त्यस्तै अनुगमन मूल्यांकन शिर्षकमा बजेट विनियोजन नगरी अन्य सिर्शकबाट अनुगमन मुल्यांकन गरेको देखियो तथा भ्रमणबाट फर्किए पछि प्रतिवेदन दिने तथा सुधारका पक्षहरु औल्याउनु पर्ने, कार्यान्वयन पक्ष र तत्पश्चात पृष्ठपोषणको व्यबस्था गर्ने गरेको देखिएन । यसबाट अनुगमन तथा भ्रमणको उद्देश्य तथा उपलब्धि विश्लेषण गर्न सकिएन । अत : भ्रमण तथा अनुगमन मूल्यांकन पश्चात प्रतिवेदन निर्देशन कार्यान्वयन एंव पृष्ठपोषणको व्यबस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

६. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने र समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशत दरले ब्याज समेत असुल गर्ने व्यवस्था छ । उपमहा नगरपालिकाले पेश गरेको पेश्कीको एकिकृत विवरण अनुसार गत आ.व. मा को पेश्की बाँकी रु ३०,०२,७९२।०० रहेकोमा यो वर्षको थप रु ३,१८,३४,७१३।०० समेत रु ३,४८,३७,५०५।०० बाँकी रहेको देखिन्छ । .साथै यो वर्ष दिएको देहाय अनुसारको पेश्की बाँकी नियमानुसार पछ्र्यौट गरिनु पर्ने देखिएको रु ३,१८,३४,७१३/-

| पेश्की लिनेको नाम | शीर्षक | कार्यक्रम | पेश्की रु. |
|---|---|---|---|
| तिलक राम डिसी | | कर्मचारी पेश्की | ७०२००० |
| बीरबहादुर वली | | कर्मचारी पेश्की | १२४४३१५ |
| बिना शर्मा | | कर्मचारी पेश्की | ६७७७९१ |
| स्मृति भण्डारी | | कर्मचारी पेश्की | ५०००० |
| नारायणप्रसाद आचार्य | | कर्मचारी पेश्की | ४४४००० |
| उमेश शर्मा | | कर्मचारी पेश्की | १५००००० |
| स्वास्थ्य चौकी लक्ष्मीपुर | | मोबिलाइजेशन पेश्की | ३७००० |
| स्वास्थ्य चौकी धर्ना | | मोबिलाइजेशन पेश्की | १३३०० |
| स्वास्थ्य चौकी रामपुर | | मोबिलाइजेशन पेश्की | ९६४०० |
| स्वास्थ्य चौकी हापुर | | मोबिलाइजेशन पेश्की | १९०० |
| स्वास्थ्य चौकी सैघा | | मोबिलाइजेशन पेश्की | १४००० |
| नेपाल विद्युत प्राधिकरण घोराही | | मोबिलाइजेशन पेश्की | २१०५३० |
| स्वास्थ्य चौकी नारायणपुर | | मोबिलाइजेशन पेश्की | १६०७०० |
| वेष्टर्न डेभेलपमेन्ट कन्स्ट्रक्शन डब्ल्युडिसी | | मोबिलाइजेशन पेश्की | ७५०७१८ |
| राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानदाङ | | मोबिलाइजेशन पेश्की | ५५०००० |
| स्वास्थ्य चौकी सौडियार | | मोबिलाइजेशन पेश्की | १२९०० |
| नेपाल बिटुमिन तथा ब्यारेल उद्योग लिमिटेड | | मोबिलाइजेशन पेश्की | २५०००००० |

| | | | | |
|---|---|---|---|---|
| | गंगा माध्यमिक विद्यालय | | मोबिलाइजेशन पेश्की | ३०६६५९ |
| | स्वास्थ्य चौकी ढिकपुर | | मोबिलाइजेशन पेश्की | ६२५०० |
| | **जम्मा** | | | ३१८३४७१३ |

| | | |
|---|---|---|
| ७ | **आन्तरिक आय व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ७.१ | **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । उपमहा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ७.२ | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाँउ/उपमहा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको आय-व्ययको आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७५।७६ मा मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु. १९ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा रु .१५. करोड .२९. लाख ८८ हजार अर्थात अनुमान भन्दा १९।४८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ७.३ | **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से, गरिवी निवारण कोष, एलजिसिडिपी, लगायतको बिंऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासासमेत नगरेको स्थिति छ। थप श्रोत पहिचान गरी कारोवारमा समेटनु पर्दछ । | |
| ७.४ | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौतासमेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ ध्यान दिनु जरुरी छ । साथै यो वर्ष पर्वाधार उपयोगका सम्झौता अनुसार प्राप्त गर्नुपर्ने र बाँकीको अभिलेख कार्यालयले राखेको छैन । सम्झौता अनुसार आषाढ मसान्त २०७६ सम्म देहाय अनुसार असुल गर्नुपर्ने देखिएको रु | १९९,९००।०० |

| ठे.नं. | ठेकेदारको नाम | गत वर्ष सम्म | यो वर्ष थप | हालसम्म बाकी |
|---|---|---|---|---|
| १ | नेपाल मिडिया टेक्नोलोजि | | १९९,९००।०० | १९९,९००।०० |
| | **जम्मा** | | १९९,९००।०० | १९९,९००।०० |

| | | |
|---|---|---|
| ७.४.१ | **बिज्ञापन कर** उपमहानगरपालीकाले आफ्नो क्षेत्र भित्रको बिज्ञापन सामाग्रीहरुमा आ.व. २०७५।०७६ को लागी बिज्ञापन कर उठाउने सम्बन्धि ठेक्का नं ०२।२०७५।०७६ द्वारा नेपाल मिडिया टेक्नोलोजि प्रा. ली. सँग रु १९९९,००७।०० मा सम्झौता गरेको र उक्त सम्झौताको दफा २ बमोजिम ६० प्रतिसत रु १,१९९,४०५।०० सम्झौता गर्दाका समयमा र बाँकी रु ७९९,६०२।०० २०७५ पुस मसान्त सम्म बझाउनु पर्नेमा रु १,७९९,१०७।०० मात्र संस्थालाई बुझाएको र बाँकी रु १९९,९००।०० मा ब्याज हर्जानासमेत लगाई असुल उपर गर्नू पर्ने देखिन्छ । साथै उपमहानगरपालीका र नेपाल मिडिया | |

| | | |
|---|---|---|
| | टेक्नोलोजि बिच भएको सम्झौता को दफा ५ बमोजिम मुल्य अभिवृद्धि कर रु २५९,८७०।०० सम्झौता भएको मितिले तिस दिनभित्र आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्नेमा पेश गरेको नदेखिएको रु | १९९,९००/- |
| ७.५ | **आन्तरिक आय :** कार्यालयले यो वर्ष रु १५ करोड २९ लाख आन्तरिक आय प्राप्त गरेकोमा कार्यालय अन्तर्गतका १९ वटा वडाको आम्दानी वडा बाटै दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट वडा कार्यालयले उपमहा नगरपालिकाको आयमा गरेको योगदान तथा असुली राजश्व दाखिला एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ७.६ | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजश्व आम्दानीको म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको दैनिक टिपोट खाता सहित आम्दानी असुली र बैंक दाखिलाको अभिलेख व्यबस्थित गरी नराखेको, वडा कार्यालयहरुले नगदी रसिद भरी नगद असुल गरेकोले यथार्थ आम्दानी यकिन गर्न सकिएन । साथै असुली भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । नियमावलीको व्यवस्था अनुसार असुली रकम समयमै दाखिला गर्नुपर्ने र म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । | |
| ७.६.१ | आर्थिक कार्यविधि ऐन २०५५ र प्रदेश आर्थिक कार्यविधि ऐन २०७४: आर्थिक कार्यविधि ऐन २०५५ को दफा १३ उपदफा ४ मा आफनो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले १० दिन सम्म ढिलो गरेको भए १०% प्रतिशत र १५ दिन सम्म ढिलो गरेको भए १५ प्रतिशत जरिवाना र सो समेत दाखिला गर्ने लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५% जरिवाना गरि नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विमागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । तर प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) २ मा १० दिनसम्म ढिला गरेको भए विभागीय प्रमुखले १० प्रतिशत जरिवाना गराउने र १० दिन भन्दा बढी ढिला गरेको भए १०% जरिवाना गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्ने व्यबस्था भएकोमा प्रदेश ऐनको व्यवस्था संघिय ऐनको व्यवस्थासंग बाझिएको छ । यसमा सुधार हुनु जरुरी देखिन्छ । | |
| ७.६.२ | **वडा कार्यालयहरुको राजश्व दाखिला** प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा (२४) २ मा १० दिनसम्म ढिला गरेको भए विभागीय प्रमुखले १० प्रतिशत जरिवाना गराउने र १० दिन भन्दा बढी ढिला गरेको भए १०% जरिवाना गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्ने व्यबस्था रहेको छ । कार्यालयले मातहतका वडाहरुवाट मालपोत, सिफारिस दस्तुर, दण्ड जरिवाना, जन्मदर्ता, मुत्युदर्ता लगायतको शुल्क असुल गरेकोमा ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेको देखियो । तर ऐन अनुसार जरिवाना असुल गरेको देखिएन । अतः ऐन अनुसार कारवाही गरि जरिवाना गरेको नदेखिएकोले नियमसम्मत नदेखिएको रु | **२३३८३३८** |

| वडा नं. | वडा सचिवको नाम | आय असुली अवधी | असुली रकम | ढिला दाखिला रु | बैंक दाखिला मिति | ढिला दिन | जरीवाना |
|---|---|---|---|---|---|---|---|
| १ | धनबहादुर के.सी. | आश्विन २०७५ | २७७७० | २७७७० | २०७५।०७।२८ | २८ | २७७७ |
| | | कार्तिक २०७५ | १०३१० | १०३१० | २०७५।०८।२९ | २९ | १०३१ |
| | | मार्ग २०७५ | १७४२० | १७४२० | २०७५।०९।२३ | २३ | १७४२ |
| | | पौष २०७५ | ९३५० | ९३५० | २०७५।१०।१७ | १७ | ९३५ |
| | | माघ २०७५ | ८१६० | ८१६० | २०७५।११।०५ | ५ | ८१६ |
| | **जम्मा वडा १को जम्मा** | | **७३०१०** | **७३०१०** | **०** | | **७३०१** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | श्रावण २०७५ | २२२५ | २२२५ | २०७५।०६।०५ | ५५ | २२२।५ |
| | | भाद्र २०७५ | २३३३।६७ | २३३३।६७ | २०७५।०६।०५ | ५ | २३३।३६७ |
| | | आश्विन २०७५ | २६४२७।०६ | २२७१९।८७ | २०७५।०९।२२ | ८२ | २२७१।९८७ |
| | | कार्तिक २०७५ | ८७२९५।३७ | ८७२९५।३७ | २०७५।०९।२२ | ५२ | ८७२९।५३७ |
| | | मार्ग २०७५ | १८२६९२।१६ | १८२६९२।१६ | २०७५।०९।२२ | २२ | १८२६९।२२ |
| | | पौष २०७५ | ५२८३९४।६२ | ४८१०८४।०४ | २०७५।१२।२४ | ८४ | ४८१०८।४ |
| | | माघ २०७५ | ३३००२८।७ | ३३००२८।७ | २०७६।०१।०९ | ६९ | ३३००२।८७ |
| | | फाल्गुण २०७५ | ९२३१२।२१ | ९२३१२।२१ | २०७६।०१।०९ | ३९ | ९२३१।२२१ |
| | | चैत्र २०७५ | ९६००८।९९ | ९६००८।९९ | २०७६।०१।०९ | ९ | ९६००।८९९ |
| २ | नारायण प्रसाद आचार्य | जेष्ठ २०७६ | १६९९०२।६५ | १६९९०२।६५ | २०७६।०३।०५ | ५ | १६९९०।२७ |
| | **वडा २ को जम्मा** | | **१५१७६२०** | **१४६६६०३** | | | **१४६६६०** |
| | | श्रावण | ४००७० | ४००७० | २०७५।०५।१३ | १३ | ४००७ |
| | | भाद्र २०७५ | १९६४८।३७ | १९६४८।३७ | २०७५।०६।२२ | २२ | १९६४।८३७ |
| | | असोज २०७५ | ७८३९३।९६ | ७८३९३।९६ | २०७५।०७।०८ | ८ | ७८३९।३९६ |
| | | कार्तिक २०७५ | ३८९५५।८१ | ३८९५५।८१ | २०७५।०८।०६ | ६ | ३८९५।५८१ |
| | | मन्सीर २०७५ | १८८५५६।५२ | ८३०३२।२२ | २०७५।०९।१० | १० | ८३०३।२२२ |
| | | माघ २०७५ | १०५२६५ | १०५२६५ | २०७५।११।०९ | ९ | १०५२६।५ |
| | | | ८३३३२।९३ | ८३३३२।९३ | २०७५।११।२६ | २६ | ८३३३।२९३ |
| | | फाल्गुन २०७५ | ८८४२४।७२ | ८८४२४।७२ | २०७५।१२।०८ | ८ | ८८४२।४७२ |
| | | चैत २०७५ | ६४३४९।४२ | ६४३४९।४२ | २०७६।०१।२३ | २३ | ६४३४।९४२ |
| | | बैसाख २०७६ | ९४१२९।७३ | ९४१२९।७३ | २०७६।०२।०५ | ५ | ९४१२।९७३ |
| ३ | पद्धम प्रसाद रेग्मी | जेठ २०७६ | ११०७१६।१२ | ३६१८१।७९ | २०७६।०३।०४ | ४ | ३६१८।१७९ |
| | **वडा ३ को जम्मा** | | **९११८४२.६** | **७३१७८४** | | | **७३१७८.४** |
| | | श्रावण २०७५ | ३२११७ | ३२११७ | ०९।०६।२०७५ | ६९ | ३२११।७ |
| | | भाद्र २०७५ | ९८२०४।७५ | १३०३२५ | ०९।०६।२०७५ | ९ | १३०३२।५ |
| | | आश्विन २०७५ | ११५१४४।२७ | ११५१४४।२७ | ०६।०८।२०७५ | ३६ | ११५१४।४३ |
| | | कार्तिक २०७५ | १०५२४९।४२ | १०५२४९।४२ | ०६।०८।२०७५ | ६ | १०५२४।९४ |
| | | मंसीर २०७५ | १४६६६८।५८ | १४६६६८।५८ | ०६।०९।२०७५ | ६ | १४६६६।८६ |
| | | पुष २०७५ | १५५९८४।२३ | १५५९८४।२३ | ०५।१०।२०७५ | ५ | १५५९८।४२ |
| | | माघ २०७५ | ३१२०२४।६१ | ३१२०२४।६१ | १४।११।२०७५ | १४ | ३१२०२।४६ |
| | | फाल्गुन २०७५ | १३६४३९।८ | १३६४३९।८ | ११।१२।२०७५ | ११ | १३६४३।९८ |
| | | चैत २०७५ | ११८५०२।३३ | ११८५०२।३३ | १७।०१।२०७६ | १७ | ११८५०।२३ |
| | | बैसाख २०७६ | १५०५८६।८८ | १५०५८६।८८ | १३।०२।२०७६ | १३ | १५०५८।६९ |
| ४ | पत्र बहादुर ओली | जेठ २०७६ | १६६२०२।१३ | १६६२०२।१३ | १८।०३।२०७६ | १८ | १६६२०।२१ |
| | **वडा ४ को जम्मा** | | **१५३७१२४** | **१५६९२४४** | | | **१५६९२४** |
| | | श्रावण २०७५ | ४७४०० | ४७४०० | २०७५।०५।०८ | ८ | ४७४० |
| | | आश्विन २०७५ | ५२२१२।८२ | ५२२१२।८२ | २०७५।०७।०५ | ५ | ५२२१।२८२ |
| ५ | लक्ष्मण अधिकारी | मार्ग २०७५ | १३३०५४।९९ | ३७२७०।७४ | २०७५।०९।२६ | २६ | ३७२७।०७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पौष २०७५ | २६९७५३।६८ | १९६७४९।४१ | २०७५।१०।०८ | ८ | १९६७४।९४ |
| | | माघ २०७५ | १७१४७३।०३ | १७१४७३।०३ | २०७५।११।०८ | ८ | १७१४७।३ |
| | | चैत्र २०७५ | ७६७५१।३२ | ७६७५१।३२ | २०७६।०१।०४ | ४ | ७६७५।१३२ |
| | | बैशाख २०७६ | १२६७२३।६४ | १२६७२३।६४ | २०७६।०२।०५ | ५ | १२६७२।३६ |
| | **वडा ५ को जम्मा** | | **८७७३६९.५** | **७०८५८१** | | | **७०८५८.१** |
| | | श्रावण २०७५ | २५९१० | २५९१० | २०७५।०८।११ | १०१ | २५९१ |
| | | भाद्र २०७५ | १७९२७७।१५ | १७९२७७।१५ | २०७५।०६।०५ | ५ | १७९२७।७२ |
| ६ | दामोदर पाण्डे | आश्विन २०७५ | ११०२६५।६७ | ११०२६५।६७ | २०७५।०७।०४ | ४ | ११०२६।५७ |
| | **वडा ६ को जम्मा** | | **३१५४५२.८** | **३१५४५२.८** | | | **३१५४५.३** |
| | | श्रावण २०७५ | ४६१५९ | ४६१५९ | २०७५।०५।१३ | १३ | ४६१५।९ |
| | | भाद्र २०७५ | २२७०६५ | २२७०६५ | २०७५।०६।०५ | ५ | २२७०६।५ |
| | | आश्विन २०७५ | १३७२२६ | १३७२२६ | २०७५।०७।१२ | १२ | १३७२२।६ |
| | | कार्तिक २०७५ | ८८०२६ | ८८०२६ | २०७५।०९।२६ | ५६ | ८८०२।६ |
| | | मंसीर २०७५ | ७१७१० | ७१७१० | २०७५।०९।३० | ३० | ७१७१ |
| | | पुष २०७५ | १४१४६० | १४१४६० | २०७५।१०।०८ | ८ | १४१४६ |
| | | माघ २०७५ | १२४१७५ | १२४१७५ | २०७५।११।१३ | १३ | १२४१७।५ |
| | | फाल्गुन २०७५ | ११४२७१ | ११४२७१ | २०७५।१२।११ | ११ | ११४२७।१ |
| | | चैत २०७५ | १५३३२९ | १५३३२९ | २०७६।०१।१२ | १२ | १५३३२।९ |
| | | बैसाख २०७६ | १६६०७० | १६६०७० | २०७६।०२।०८ | ८ | १६६०७ |
| ७ | चन्द्र बहादुर के.सी. | जेठ २०७६ | ३३२६२२ | ३३२६२२ | २०७६।०३।१० | १० | ३३२६२।२ |
| | जम्मा **वडा ७ को जम्मा** | | **१६०२११३** | **१६०२११३** | | | **१६०२११** |
| | | श्रावण २०७५ | ४२८६० | ४२८६० | २०७५।०५।०४ | ४ | ४२८६ |
| | | भाद्र २०७५ | ५५९२० | ५५९२० | २०७५।०६।१५ | १५ | ५५९२ |
| | | आश्विन २०७५ | ५१११० | ५१११० | २०७५।०७।१६ | १६ | ५१११ |
| | | कार्तिक २०७५ | २५७६१।४२ | २५७६१।४२ | २०७५।०९।०९ | ९ | २५७६।१४२ |
| | | मार्ग २०७५ | ७३१९१।६४ | ७३१९१।६४ | २०७५।०९।०९ | ९ | ७३१९।१६४ |
| | | पौष २०७५ | १२२५३८।८३ | १२२५३८।८३ | २०७५।१०।०८ | ८ | १२२५३।८८ |
| | | माघ २०७५ | २६९०२८।३ | २६९०२८।३ | २०७५।११।०८ | ८ | २६९०२।८३ |
| | | चैत्र २०७५ | ५९५५८।५५ | ५९५५८।५५ | २०७६।०२।०६ | ३६ | ५९५५।८५५ |
| | | बैशाख २०७६ | १०९६४५।७३ | १०९६४५।७३ | २०७६।०२।२८ | २८ | १०९६४।५७ |
| ८ | शान्ति चौधरी र प्रविण खनाल | जेष्ठ २०७६ | १३०६६७।०३ | १३०६६७।०३ | २०७६।०३।१५ | १५ | १३०६६।७ |
| | **वडा ८ को जम्मा** | | **९४०२८१.५** | **९४०२८१.५** | | | **९४०२८.२** |
| | | श्रावण२०७५ | ८४३३२ | ८४३३२ | २०७५।०५।१० | १० | ८४३३।२ |
| | | भाद्र२०७५ | ९२९२२ | ९२९२२ | २०७५।०६।२८ | २८ | ९२९२।२ |
| | | आश्विन २०७५ | १५८७४ | १५८७४ | २०७५।०९।०५ | ६५ | १५८७।४ |
| | | कार्तिक २०७५ | १२२२६५ | १२२२६५ | | ३५ | १२२२६।५ |
| ९ | सीता चौधरी | मंसीर २०७५ | ३३२१८२ | ३३२१८२ | | ५ | ३३२१८।२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पुष २०७५ | २३७२५४ | २३७२५४ | २०७५।१०।०७ | ७ | २३७२५।४ |
| | | माघ २०७५ | २७०२०३ | २७०२०३ | २०७५।११।०६ | ६ | २७०२०।३ |
| | | फाल्गुन २०७५ | २४८०५४ | २४८०५४ | २०७५।१२।११ | ११ | २४८०५।४ |
| | | चैत २०७५ | १४७१४१ | १४७१४१ | २०७६।०१।१५ | १५ | १४७१४।१ |
| | | बैसाख २०७६ | १७७७८१ | १७७७८१ | २०७६।०२।०५ | ५ | १७७७८।१ |
| | **वडा ९ को जम्मा** | | **१५५०७५४** | **१५५०७५४** | | | **१५५०७५** |
| | | श्रावण२०७५ | २१८६०३ | २१८६०३ | २०७५।०५।११ | ११ | २१८६०।३ |
| | | भाद्र २०७५ | २९०६९३ | २९०६९३ | २०७५।०६।०५ | ५ | २९०६९।३ |
| | | आश्विन २०७५ | ३७०२८२ | ३७०२८२ | २०७५।०७।१० | १० | ३७०२८।२ |
| | | कार्तिक २०७५ | ४३६९१५ | ४३६९१५ | २०७५।०८।१५ | १५ | ४३६९१।५ |
| | | मंसीर २०७५ | ३४५१६८ | ३४५१६८ | २०७५।०९।०६ | ६ | ३४५१६।८ |
| | | पुष २०७५ | ४०१७२९ | ४०१७२९ | २०७५।१०।१३ | १३ | ४०१७२।९ |
| | | माघ २०७५ | ५०८८३० | ५०८८३० | २०७५।११।१४ | १४ | ५०८८३ |
| | | फाल्गुन २०७५ | २५८६६२ | २५८६६२ | २०७५।१२।१९ | १९ | २५८६६।२ |
| | | चैत २०७५ | २५९७६२ | २५९७६२ | २०७६।०१।१२ | १२ | २५९७६।२ |
| १० | थानेश्वर न्यौपाने | बैसाख २०७६ | ३४११८० | ३४११८० | २०७६।०२।०५ | ५ | ३४११८ |
| | **वडा १० को जम्मा** | | **३४३१८२४** | **३४३१८२४** | | | **३४३१८२** |
| | | श्रावण२०७५ | ५८२२५ | ५८२२५ | २०७५।०६।०१ | ३१ | ५८२२।५ |
| | | भाद्र २०७५ | १७९८२६।६८ | १७९८२६।६८ | २०७५।०६।१० | १० | १७९८२।६७ |
| | | आश्विन २०७५ | ८५७१५।२५ | ८५७१५।२५ | २०७५।०७।२५ | २५ | ८५७१।५२५ |
| | | कार्तिक २०७५ | ७६४४६५।९५ | ७६४४६५।९५ | २०७५।०८।२८ | २८ | ७६४४६।६ |
| | | मंसीर २०७५ | २०४५९९।९९ | २०४५९९।९९ | २०७५।१०।०७ | ३९ | २०४६० |
| | | पुष २०७५ | ३६१३४८।०७ | ३६१३४८।०७ | २०७५।१०।०७ | ७ | ३६१३४।८१ |
| | | माघ २०७५ | ३७४७०५।८३ | ३७४७०५।८३ | २०७५।११।०९ | ९ | ३७४७०।५८ |
| | | फाल्गुन २०७५ | १७७३७३।३९ | १७७३७३।३९ | २०७५।१२।१२ | १२ | १७७३७।३४ |
| | | चैत २०७५ | २०८२३९।४१ | २०८२३९।४१ | २०७६।०१।०५ | ५ | २०८२३।९४ |
| | | बैसाख २०७६ | १४०१०५।३५ | १४०१०५।३५ | २०७६।०२।०९ | ९ | १४०१०।५४ |
| ११ | अग्नि कुमार न्यौपाने | जेठ २०७६ | १६४११२।८३ | १६४११२।८३ | २०७६।०३।०८ | ८ | १६४११।२८ |
| | जम्मा **वडा ११ को जम्मा** | | **२७१८७१८** | **२७१८७१८** | | | **२७१८७२** |
| | | श्रावण२०७५ | ४३९४० | २७१२० | २०७५।०६।१९ | ४९ | २७१२ |
| | | भाद्र २०७५ | ४०७० | ४०७० | २०७५।१०।१० | १३० | ४०७ |
| | | आश्विन २०७५ | २२३० | २२३० | २०७५।१०।१० | ९० | २२३ |
| | | कार्तिक २०७५ | ४८८६० | ४८८६ | २०७६।०३।०४ | २१४ | ४८८।६ |
| | | मंसीर २०७५ | ६७५६।८४ | ६७५६।८४ | २०७५।१०।१० | ४० | ६७५।६८४ |
| | | पुष २०७५ | ११५६७४।१३ | ११५६७४।१३ | २०७५।१२।१३ | ७३ | ११५६७।४१ |
| | | माघ २०७५ | १७०५९८।२९ | १७०५९८।२९ | २०७५।१२।१३ | ४३ | १७०५९।८३ |
| | | फाल्गुन २०७५ | ११५८२२।२६ | ११५८२२।२६ | २०७६।०२।१६ | ७६ | ११५८२।२३ |
| १२ | दिर्घराज गौतम | चैत २०७५ | ६०८०७।१९ | ६०८०७।१९ | २०७६।०२।१२ | ४२ | ६०८०।७१९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बैसाख २०७६ | ८६८७३।५२ | ८६८७३।५२ | २०७६।०२।१२ | १२ | ८६८७।३५२ |
| | **वडा १२ को जम्मा** | | **६५५६३२.२** | **५९४८३८.२** | | | **५९४८३.८** |
| | | श्रावण २०७५ | १३९३४०।५ | १०४३२५।५ | २०७५।०५।०५ | ५ | १०४३२।५५ |
| | | भाद्र २०७५ | ४६६४९३।०६ | ८८६१२ | २०७५।०६।०५ | ५ | ८८६१।२ |
| | | आश्विन २०७५ | ५७४७६०।६ | १५७७९७ | २०७५।०७।०७ | ७ | १५७७९।७ |
| | | कार्तिक २०७५ | २०८५६२।१४ | ७८८८८ | २०७५।०८।०९ | ९ | ७८८८।८ |
| | | मार्ग २०७५ | १२९६१७४।०७ | १४४११५ | २०७५।०९।११ | ११ | १४४११।५ |
| | | पौष २०७५ | ९२१२२१ | १९९८४१ | २०७५।१०।०९ | ९ | १९९८४।१ |
| | | माघ २०७५ | ६२६९६६।७७ | २१९५६१ | २०७५।११।०८ | ८ | २१९५६।१ |
| | तिलकराम | फाल्गुण २०७५ | ५८१४१७।५५ | ३४६५७५।३९ | २०७५।१२।१७ | १७ | ३४६५७।५४ |
| १४ | डी.सी. | चैत्र २०७५ | ५०८४९१।०४ | १५५६५० | २०७६।०१।१५ | १५ | १५५६५ |
| | **वडा १४ को जम्मा** | | **५३२३४२७** | **१४९५३६५** | | | **१४९५३६** |
| | | श्रावण २०७५ | २०१८५५।३८ | २०१८५५।३८ | २०७५।०५।०४ | ४ | २०१८५।५४ |
| | | आश्विन २०७५ | ७७८६६६।७६ | ३४२४५५।१५ | २०७५।०७।०७ | ७ | ३४२४५।५२ |
| | | मार्ग २०७५ | ५४१६९४।०९ | ५४१६९४।०९ | २०७५।०९।१० | १० | ५४१६९।४१ |
| | | पौष २०७५ | ६५३५००।१२ | ५८४१३३।९४ | २०७५।१०।२१ | २१ | ५८४१३।३९ |
| | | माघ २०७५ | ३६३९९८।९३ | ३६३९९८।९३ | २०७५।११।०६ | ६ | ३६३९९।८९ |
| | दिवाकर | फाल्गूण २०७५ | ४४९८३९।२८ | ४४९८३९।२८ | २०७५।१२।०५ | ५ | ४४९८३।९३ |
| १५ | योगी | चैत्र २०७५ | ३०९६८२।७३ | ३०९६८२।७३ | २०७६।०१।०४ | ४ | ३०९६८।२७ |
| | **वडा १५ को जम्मा** | | **३२९९२३७** | **२७९३६६०** | | | **२७९३६६** |
| | | भाद्र | १०००२२ | १०००२२ | २०७५।०६।०९ | ९ | १०००२।२ |
| | | आश्विन २०७५ | ११९०१७ | ११९०१७ | २०७५।०७।०६ | ६ | ११९०१।७ |
| | | मंसीर २०७५ | ३६७३४३ | ३६७३४३ | २०७५।०९।०५ | ५ | ३६७३४।३ |
| | | पुष २०७५ | १९२६७० | १९२६७० | २०७५।१०।०७ | ७ | १९२६७ |
| | | फाल्गुन २०७५ | २९९१२७ | ६६८५५ | २०७५।१२।०४ | ४ | ६६८५।५ |
| | कम्मन गीरी | चैत २०७५ | २७६८५४ | २९२०५० | २०७६।०१।०४ | ४ | २९२०५ |
| १६ | । विन्दु नेपाली | बैसाख २०७६ | २८७१७८ | २७१९८२ | २०७६।०२।०५ | ५ | २७१९८।२ |
| | **वडा १६ को जम्मा** | | **१६४२२११** | **१४०९९३९** | | | **१४०९९४** |
| | | भाद्र २०७५ | ३३३४० | ३३३४० | २०७५।०६।०४ | ४ | ३३३४ |
| | | आश्विन २०७५ | १२८६०२।२५ | १२८६०२।२५ | २०७५।०७।१५ | १५ | १२८६०।२३ |
| | | कार्तिक २०७५ | २७००५७।६ | २७००५७।६ | २०७५।०८।१६ | १६ | २७००५।७६ |
| | | माघ २०७५ | १९९६४४।७७ | १९९६४४।७७ | २०७५।११।०७ | ७ | १९९६४।४८ |
| | | फाल्गुन २०७५ | १६६२३४।०१ | १६६२३४।०१ | २०७५।१२।०५ | ५ | १६६२३।४ |
| १७ | सीमा नेपाली | चैत २०७५ | २३२६९०।३ | २३२६९०।३ | २०७६।०१।१० | १० | २३२६९।०३ |
| | **वडा १७ को जम्मा** | | **१०३०५६९** | **१०३०५६९** | | | **१०३०५७** |
| | देवराज | श्रावण २०७५ | ५८६४० | १९९२० | २०७५।०६।०४ | ३४ | १९९२ |
| १८ | अधिकारी | आश्विन २०७५ | ६८५७१।४५ | ६८५७१।४५ | २०७५।०७।१५ | १५ | ६८५७।१४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कार्तिक २०७५ | १३१९६८।५५ | १३१९६८।५५ | २०७५।०८।०४ | ४ | १३१९६।८६ | |
| | | मार्ग २०७५ | ३०५६४८।०१ | ५४७४८ | २०७५।०९।२५ | २५ | ५४७४।८ | |
| | | पौष २०७५ | ३६२३६४।८९ | ८०१२७ | २०७५।१०।२० | २० | ८०१२।७ | |
| | | फाल्गुण २०७५ | १८५७८७।७९ | ७८३३७ | २०७६।०१।०८ | २८ | ७८३३।७ | |
| | | चैत्र २०७५ | १७९४१५।७२ | १७९४१५।७२ | २०७६।०१।०८ | ८ | १७९४१।५७ | |
| | **वडा १८ को जम्मा** | | **१२९२३९६** | **६१३०८७.७** | | | **६१३०८.८** | |
| | | श्रावण २०७५ | ४२४६६।७५ | ४२४६६।७५ | २०७५।०८।२६ | ११६ | ४२४६।६७५ | |
| | | भाद्र २०७५ | १५३३८।५ | १५३३८।५ | २०७५।०८।२६ | ८६ | १५३३।८५ | |
| | | आश्विन २०७५ | १६१११।५ | १६१११।५ | २०७५।०८।२६ | ५६ | १६११।१५ | |
| | | कार्तिक २०७५ | १८९५३।९२ | १८९५३।९२ | २०७५।०८।२६ | २६ | १८९५।३९२ | |
| | | मार्ग २०७५ | ४९४१६।३७ | ४९४१६।३७ | २०७५।०९।१२ | १२ | ४९४१।६३७ | |
| | | पौष २०७५ | ३६५४८।१५ | ३६५४८।१५ | २०७५।१०।०७ | ७ | ३६५४।८१५ | |
| | | माघ २०७५ | ३९२००।४२ | ३९२००।४२ | २०७५।११।१३ | १३ | ३९२०।०४२ | |
| | | फाल्गुण २०७५ | १६८०९।३७ | १६८०९।३७ | २०७५।१२।१७ | १७ | १६८०।९३७ | |
| | | चैत्र २०७५ | २५१८४।२९ | २५१८४।२९ | २०७६।०१।१३ | १३ | २५१८।४२९ | |
| | | बैशाख २०७६ | २८८७२।५६ | २८८७२।५६ | २०७६।०३।३० | ६० | २८८७।२५६ | |
| १९ | भिमबहादुर के.सी. | जेष्ठ २०७६ | ४८६५९।७४ | ४८६५९।७४ | २०७६।०३।३० | ३० | ४८६५।९७४ | |
| | **वडा १९ को जम्मा** | | **३३७५६१.६** | **३३७५६१.६** | | | **३३७५६.२** | |
| | **सबै वडाको जम्मा** | | **२९०५७१४४** | **२३३८३३८५** | | | **२३,३८,३३८** | |

७.७ **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/उपमहा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । कार्यालयले यो वर्ष  वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) रु .१...करोड ५० लाख तथा एकिकृत सम्पत्तीकर रु. २ करोड समेत रु ३ करोड ५० लाख अनुमान भएकोमा यथार्थ आय रु. १ करोड ९७ लाख  १५ हजार   संकलन गरेको विवरण पेश गरेको छ । उक्त आयको वडागत अभिलेख राखेको देखिएन । अतः अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ ।

७.८ **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउ/उपमहा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले व्यवसाय दर्ता तथा नवीकरण शुल्क रु ८२ लाख २ हजार २७ असुल गरेको भएता पनि व्यवसाय कर संकलन गरेको नदेखिएको तथा संकलनको अभिलेख राखेको देखिएन । कार्यालय र वडा कार्यालयवाट व्यवसाय  दर्ता हुने गरेकोमा सोको विवरण प्राप्त नभएबाट कार्यालयमा दर्ता भएका व्यवसायको संख्या यकिन गर्न सकिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गर्ने गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।

७.९ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । यस वर्ष कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन । अतः सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउन ध्यान दिनु जरुरी छ ।

| | |
|---|---|
| ७.१० | **मनोरञ्जन कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले यस शीर्षकमा रु ४ हजार कर संकलन गरेको देखियो । तर कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको अभिलेख तयार गरेको देखिएन । अतःमनोरञ्जन करको लगत तयार गरी  मनोरञ्जन कर असुल गर्नुपर्दछ । |
| ७.११ | **प्रारम्भिक वातावरणीय अध्ययन :** कार्यालयले ढुंगा,गिट्टी र बाल्वा आदि खनिज जन्य पदार्थ उत्खननका लागी प्रारम्भिक वातावरण अध्ययन गरी सोही अनुसार उत्खनन् एंव ठेक्का बन्दोवस्त गरिनु पर्दछ । कार्यालयले उपमहा नगरपालिका क्षेत्रमा पर्ने देहायका नदीबाट खनिज तथा नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त गर्न वातावरणीय अध्ययन (IEE) गराएको छ । तर प्रतिवेदनमा उल्लेख भए भन्दा बढी हुने गरी दैनिक तथा बार्षिक उत्खननु गर्ने कार्य नियन्त्रणका लागी कुन कुन स्थानबाट के कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन् गरियो भन्ने परिमाण र मिति देखिने अभिलेख राख्ने गरेको देखिएन यसबाट वातावरण अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणमा उत्खनन् गर्ने कार्य नियन्त्रण हुन सक्दैन । अत : प्रतिवेदनमा उल्लेखित अनुमानित परिमाणमा कति निकालियो र कति निकाल्न बाँकी छ भन्ने अभिलेख अधावधिक गरी प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाइनु पर्दछ । |
| ८. | **सार्वजनिक खरिद व्यवस्थापन:** यसमा देहायका व्यहोराहरु देखिएका छन् - |
| ८.१ | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा गाउँ/उपमहा नगरपालिका कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराउने Sub National Treasury Regulatory Application (SUTRA) प्रणाली प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले २०७५।७६ मा SUTRA प्रणाली प्रयोग गरेको देखिएन । २०७६।०७७ देखि SUTRA प्रणालिको प्रयोग गर्ने गरेको छ । तर प्रणालीले आयव्यय तयार गर्ने गरेको देखिएन । अत : प्रणालीलाई सुधार तथा Upgarde गरी कार्यान्वयन गरिनु जरुरी देखिन्छे । |
| ८.२ | **बोलपत्र सहभागिता र लागत कवोल अंक तुलना :-** कार्यालयद्वारा गराइने खरिद तथा निर्माण कार्य प्रतिस्पर्धात्मक रुपमा मितव्ययी तवरले गरिएको हुनुपर्दछ । कार्यालयले पेश गरेको बिवरण अनुसार बोलपत्र बिक्री, दर्ता, लागत सम्झौता अनुपात बिश्लेषण गर्दा देहाय अनुसार खरिद गरेको देखियो । |

| क.स. | कार्यक्रमको नाम | ठेक्का नं. | वोलपत्र विक्री संख्या | वोलपत्र दाखिला संख्या | वोलपत्र फिर्ता संख्या | लगत अनुमान | स्वीकृत रकम | घ |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय वडा नं. १९ को भवन | ०५ | १६ | १० | ० | ५४८८४०१.७१ | ४,३९०,४९२.६२ | २ |
| २ | वडा नं. १८ को भवन | ०४ | १० | १६ | ० | ५१२४४२२.९० | ३,७६२,३२८.५७ | २ |
| ३ | वडा नं. १ को भवन | ३ | १४ | १३ | ० | ५२७५४०१.७५ | ४,१९२,५४०.९० | २ |
| ४ | जिल्ला प्रशासन कार्यालय देखी शहिद गेट सम्मको वाटो पिच | २५ | ६ | २ | ० | ४५०००००. | ३,४६३,६३७.१० | २ |
| ५ | गूम्राचोक देखी आर्मि व्यारेक सम्मवाटो पिच | ८ | २ | ६ | ० | १०००,००००. | ७,२४५,८६५.९४ | २ |
| ६ | तुल्सीपुर चोक देखी लख्वारे कुला टावन एरिया न्यूरोड रझेनाचोक देखी मसिना गिठेपानी सडक जिल्ला अदालत देखी भिंग्रली चोक मार्क कलेज देखी काठेकोल हुदै हाइवे मा.वि. काठेकोल देखी महालक्ष्मी काठ मिलसुपर लज टोल हस्पीटल टोल भरतपुर ओरालो देखी श्वामीरुखसम्म सडक पिच | | ४ | ४ | ० | १२१४२८५७.१४ | ७,५०७,१८७.२६ | ३ |
| ७ | विद्युत पोल खरीद | ११ | ३ | ३ | ० | ९५१,८८३.७५ | ७००,०३५.०० | २ |
| ८ | तारजाली खरीद | १० | ३ | ३ | ० | ४,८००,०००.०० | ३,७०७,४१७.०० | २ |

८.३ **ठेक्का बन्दोबस्त :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३)मा लागत अनुमान बनाउने,बोलपत्र आव्हान गरि स्वीकृत गर्ने, अन्य निकायसंग लिनु पर्ने सहयोग र स्वीकृति बारे पत्राचार गर्ने,ठेक्का पट्टा स्वीकृत गर्ने समेतका कार्यहरु प्रथम चामासिक अवधिमा गरि सक्नु पर्ने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसार ढिलो गरि तेस्रो चौमासिक अवधिमा ठेक्का बन्दोबस्त गरेको देखियो । अत: नियमावलीमा तोकिए अनुसारको अवधिमा ठेक्का बन्दोबस्त गरि ठेकका स्वीकृती समेतका कार्यहरु गरिनु पर्दछ ।

| खरिद कार्यक्रम | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ माहिना | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम - हजारमा) | संख्या | रकम - हजारमा) | संख्या | रकम - हजारमा | संख्या | रकम - हजारमा | संख्या | रकम ( हजारमा) | संख्या | रकम ( हजारमा) |
| वडा कार्यालय वडा नं. १९ को भवन | १ | ४,३९० | १ | ० | १ | ० | १ | १,२७४ | १ | १,२७४ | १ | १,२७४ |
| वडा नं. १८ को भवन | १ | ३,७६२ | १ | ० | १ | ० | १ | १,०२१ | १ | १,०२१ | १ | १,०२१ |
| वडा नं. १ को | १ | ४,२०३ | १ | ० | १ | ० | १ | ४,०३९ | १ | ४,०३९ | १ | ४,०३९ |
| जिल्ला प्रशासन कार्यालय देखी शहिद गेट सम्मको वाटो पिच | १ | ३,४६३ | १ | ० | १ | ० | १ | १,६२४ | १ | १,६२४ | १ | १,६२४ |
| गूम्राचोक देखीआर्मि व्यारेक सम्मवाटो पिच | १ | ७,२४५ | १ | ० | १ | ० | १ | ० | १ | | | |
| तुल्सीपुर चोक देखीलख्वारे कुला ढावन एरिया न्यूरोड सडक पिच | १ | ७,५०७ | १ | ० | १ | ० | १ | ० | | | | |
| जम्मा | ६ | ३०,५७० | ६ | ० | ६ | ० | ६ | ७,९५८ | | ७,९५८ | | |

८.४ **मूल्य अभिबृद्धि कर भुक्तानी :-** मुल्य अभिबृद्धि कर नियमावली (२०७६ को बजेट वक्तव्य), २०५३ को नियम ६ (ग) अनुसार ठेक्का सम्झौता वा करार अन्तर्गत वस्तु तथा सेवा आपूर्ति गर्ने ठेकेदार वा आपूर्ति कर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि करको ५० प्रतिशत निजको नामवाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार भुक्तानीमा मूल्य अभिबृद्धि करसमेत भुक्तानी गरेकोमा मु.अ. करको ५० प्रतिशतले हुने रकम कट्टि गरी सम्बन्धित राजश्व खातामा दाखिला गरेको देखिएन । यसवाट राजश्व असुलीमा असर पर्न सक्छ । यसको कारण कार्यालयले बजेट वक्तव्यवाट मूल्य अभिवृद्धि कर नियमावलीमा उक्त व्यवस्था संशोधन भएको जानकारी नभएको जनाएको छ । अत: उक्त भुक्तानीको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश गर्नु पर्ने देखिएको रु....... ४,९१,१२८।१४

| **भौ नं र मिति** | **कामको बिवरण** | **आर्पूतीर्कताको नाम** | **विल नं र मिति** | **बिल रकम ( भ्याट सहित)** | **मु.अ.कर** | **५०% कर** |
|---|---|---|---|---|---|---|
| १७५२ ३१।०३।२०७६ | वडा नं १९ को कार्यालय भवन निर्माण | गुप्ता निर्माण सेवा | ३३ ३१।०३।२०७६ | १,२७४,१३४।८९ | १४६,५८१।८९ | ७३,२९०।९४ |
| १६५५ २९।०३।२०७६ | वडा नं १ को कार्यालय भवन निर्माण | वेष्टर्न डेभलेपमेन्ट कन्स्ट्रक्सन प्रा.लि. | ३५ २९।०३।२०७६ | १,४०७,४७३।८३ | १६१,९२१।७७ | ८०,९६०।८८ |
| १८०१ ३१।०३।२०७६ | गुम्राचोक देखि आर्मी व्यारेक सम्म बाटो पिच | हरी तारा कन्स्ट्रक्सन प्रा.लि. | १४ ३१।०३।२०७६ | ३,४७५,९३८।९६ | ३९९,८८६।७८ | १९९,९४३।३९ |
| १७७४ ३१।०३।२०७६ | जिल्ला प्रसासन कार्यालय देखि शहिद गेट सम्मको बाटो पिच | वेष्टर्न डेभलेपमेन्ट कन्स्ट्रक्सन प्रा.लि. | ४१ २५।०३।२०७६ | १६२४८९१।०७ | १८६,९३४।३७ | ९३,४६७।१८ |
| १२४२ ११।०३।२०७६ | कार्यालय परिसरमा क्यान्टीन निर्माण | बिन्दु कन्स्ट्रक्सन प्रा. लि. | ०४ ०९।०३।२०७६ | ७५५,६३५।४१ | ८६,९३१।५० | ४३४६५।७५ |
| जम्मा | | | | | | **४९१,१२८।१४** |

८.५ **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम (४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (Detective Liabilities)को अवधि

भन्दा कम्तिमा १ महिना बढि अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले देहाय अनुसार भएको निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद त्रुटी सच्याउने अवधि भन्दा १ महिना बढी अवधिसम्म हुनुपर्नेमा सो अवधिभन्दा घटि रहेको देखियो । अतः निर्माण कार्यहरु गराउँदा नियमावलीमा निर्धारण गरिएको अवधि सम्मको कार्यसम्पादन जमानत राख्ने व्यवस्था गरिनु पर्दछ ।

| ठे नं. | निर्माण कार्य | निर्माण व्यवसायी | लागत अनुमान | कबोल अंक | हुनुपर्ने मिति | भएको मिति |
|---|---|---|---|---|---|---|
| ०५ | वडा नं १९ को कार्यालय भवन निमार्ण | गुप्ता निर्माण सेवा | ५,४८८,४०१।७१ | ४,३९०,४९२।६२ | २०७७.११.२५ | २०७७.४.२५ |
| ०४ | वडा नं १८ को कार्यालय भवन निमार्ण | चित्रकला निर्माण सेवा | ५,१२४,४२२।९० | ३,७६२,३२८।५७ | २०७७.१०.१५ | २०७६.११.२८ |
| ०७ | जिल्ला प्रशासन कार्यालय देखि शहिद गेट सम्मको बाटो पिच | वेष्टर्न डेभलपमेन्ट कन्स्ट्रक्सन प्रा.लि. | ४,५००,०००।०० | ३,९८०,७३४।५१ | २०७७.११.२५ | पेश नगरेको |

९. **उपभोक्ता समिति :** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

९.१ **खर्च सार्वजनिकीकरण र सामाजिक परिक्षण:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेको काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमान कार्यालयले तोकेको प्रकृया वमोजिम तोकेको अवधि भित्र सामाजिक लेखापरिक्षण गराउनु पर्ने तथा उपनियम (१२) मा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर अधिकांश उपभोक्ता समितिले खर्च सार्वजनिकिरण तथा सामाजिक परिक्षण गराउने गरिएको छैन । केही उपभोक्ता समितिले सार्बजनिकिकरण फारम तयार गरेतापनि फाराममा आम्दानी श्रोत, खर्च विवरण, मौज्दात, भुक्तानी दिदाँ बाँकी अवस्था योजनाको लक्ष्य प्रगति केही पनि उल्लेख गर्ने नगरेको केवल योजनाको नाम र उपस्थित लाभग्राहीको हस्ताक्षर मात्र रहेको छ । अतः उपभोक्ता समितिवाट सम्पन्न भएका योजनाहरुको खर्च सार्वजनिकिकरण तथा सामाजिक परिक्षण गराउने व्यवस्थाको अनुसरण गरिनु पर्दछ ।

९.२ **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति द्धारा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर उपभोक्ता समितिद्धारा निर्माण सम्पन्न भएको योजनाहरु कार्यालयले रेखदेख मर्मत सम्भारको जिम्मेबारी सहित समुदायलाई हस्तान्तरण गर्ने गरेको छैन । अतः सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई योजनाको उपभोग, मर्मत सम्भार, रेखदेख र स्वामित्व एवम योजनाको निरन्तरता हुनेगरी हस्तान्तरण गर्ने गरिनु पर्दछ ।

९.३ **उपभोक्ताको अंश :-** उपभोक्ता मार्फत गराईने काममा उपभोक्ता वा लाभग्राहीको समेत योगदान रहेको हुनु पर्दछ । तर कार्यालयले रु.५० हजार भन्दा घटिका उपभोक्ता समितिबाट निर्माण गराउन सम्झौता गरिएका योजनाहरुमा उपभोक्ता समितिको जनश्रमदान रहेको छैन । जनश्रमदान समावेश नगरिनुले उपभोक्ता समिति मार्फत कार्य गराउनुको मनसाय पुर्ण हुने देखिँदैन । अत : नियमावली अनुसार उपभोक्ता समुहलाई निर्माण कार्यमा सहभागी गराइनु पर्ने देखिन्छ ।

९.४ **मेशिनरी प्रयोग :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर, डोजर,ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख भएको र सोही नियमको उप नियम ९ (क) मा उल्लिखित विपरित हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाय संग भएको सम्झौता रद्द गरिने उल्लेख छ । तर कार्यालयको श्रेस्ता परिक्षणमा देहाय अनुसार उपभोक्ता समितिले सम्झौता गरेको काममा एक्साभेटर, ग्रेडर, प्रयोग गरेकोमा नियमावली अनुसार सिफारिस तथा स्वीकृत लिनुपर्नेमा स्वीकृत बेगर मेशिन प्रयोग गरी खर्च लेखेको नियमित नदेखिएको रु १,६६,७०,१७६।१९

| भौचर नं./मिति | उपभोक्ता समितिको नाम | विनियोजन | भुक्तानी | निर्माण व्यवसायी/आपूर्तिकर्ताको नाम | मेशीन खर्च |
|---|---|---|---|---|---|
| ६४८/०७५/ १२/२९ | खैरा कोठरी जाने पिच सडक नि.उ.स.-९, प्रथम रनिङग | ७५००००० | २७४०२५१ | बि.के.जी वाई | २२००११ |
| | | | | बि.के.जी वाई | ११०००५ |
| | | | | जलजला निर्माण सेवा | १६२७२० |
| | | | | जयमनकामना कन्स्ट्रक्शन | ८२००० |
| | | | | ऐनाहेरेर निर्माण कन्स्ट्रक्शन | १३५४०६ |
| | | | | रबि निर्माण सेवा | ३३९०० |
| | | | | तिरूपति निर्माण सेवा | ६०००३ |
| १७६७/०७६ /३/३१ | वडानं.१ र २ मा पर्ने चेपेखोलामा कृतिम ड्याम निर्माण उपभोक्ता समिति, घोराही | १००००००० | ९४४९००२ | कन्दरा कन्स्ट्रक्शन | २४००० |
| | | | | ऐनाहेरेर निर्माण कन्स्ट्रक्शन | ६३६०३१ |
| | | | | जयमनकामना कन्स्ट्रक्शन | ५००००९८ |
| ६४७/०७६/ २/२९ | विभिन्न ठाउँमा सडक विस्ता र ग्रावेल र रोलिङग, नि.उ.स.-१६ | | | मनकामना कन्स्ट्रक्शन | २७७२८८ |
| | | | | ऐनाहेरेर निर्माण कन्स्ट्रक्शन | ३२८८३० |
| | | | | जलजला निर्माण सेवा | १९८८८० |
| ६५५/०७५/ १२/२९ | बाग्ला भाक्रीखोला रालबाङ पाँचपोखरी सैघा सडक नि.उ.स.-१९ | २०००००० | २१०५२६३ | ज्वाइ जेठान कन्स्ट्रक्शन | १७९७३२३ |
| | | | | श्री स्टाराइजिङ निर्माण सेवा प्रा.लि. | २२६३७० |
| १२१०/०७६ /३/८ | मातृभूमि र जनजागृति टोल विकास संस्था सडक पिच नि.उ.स.-१५ प्रथम | २०००००० | १००१०८८ | बिन्दु कन्स्ट्रक्शन | ७००६० |
| | | | | जलजला निर्माण सेवा | ५२५४५ |
| १३८७/०७६ /३/१९ | शहिद मार्ग पेदी बयालीसाबोट, राम्चे, सैघा सडक स्तरोन्नती उ.स.-१९ | १५००००० | १०५२९३८ | ज्वाइ जेठान कन्स्ट्रक्शन | ३४७७६१ |
| | | | | श्री स्टाराइजिङ निर्माण सेवा प्रा.लि. | २३१९१८ |
| १६१२/०७६ /३/२७ | दुन्द्रा-बेलनी पक्की बाँध र नहर नि.उ.स.-८ | १४३२२५० | १४१३९४१ | जलजला निर्माण सेवा | ९३७०४७ |
| १०१९/२०/ ०२/२०७६ | कुमार श्रेष्ठको घरदेखि उत्तर र आश्रमटोल दक्षिणतिरको सडक निर्माण उपभोक्ता समिति | २००००००।०० | | कुमार श्रेष्ठको घरदेखि उत्तर र आश्रमटोल दक्षिणतिरको सडक निर्माण उपभोक्ता समिति | ५०८५०।०० |
| १७६७/३१/ ०३/२०७६ | वडानं.१ र २ मा पर्ने चेपेखोलामा कृतिम जलाशय ड्याम निर्माण उ.स. | ९४७३६८४।२१ | | वडानं.१ र २ मा पर्ने चेपेखोलामा कृतिम जलाशय ड्याम निर्माण उ.स. | ५६६०१३०।१९ |
| १०१६/२०/ ०२/२०७६ | यज्ञराज खत्रीको घरदेखि नागेश्वर मन्दिर जाने सडक पिच तथा नाला निर्माण उपभोक्ता समिति | २३५२९४१।१८ | | यज्ञराज खत्रीको घरदेखि नागेश्वर मन्दिर जाने सडक पिच तथा नाला निर्माण उपभोक्ता समिति | २७०००।०० |
| | | | | | १६६७०१७६।१९ |

९.५ **लागत अनुमानमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नु पर्ने योगदान नभएको :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम ३(क१) मा साठी लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान को व्यवस्था गरेर मात्र लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर उपमहानगरपालिकाले निम्न

| | | |
|---|---|---|
| | उपभोक्ताहरु सँग भएको सम्झौता को लागी लागत अनुमान तयार गर्दा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान को व्यवस्था नगरेर एकमुष्ट रुपमा योगदानको व्यवस्था गरेर मात्र लागत अनुमान तयार गरेको पाइयो ।अतः कार्यालयले साठी लाख रुपैयाँ भन्दा बढीको लागत अनुमान भएको कार्य गराउँदा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान को व्यवस्था गरेर मात्र सम्झौता गर्नू पर्दछ । | |

| भौ.नं र मिति | उपभोक्ता समिति | लागत अनुमान |
|---|---|---|
| १७६७-३१।०३।२०७६ | वडा नं १ र २ मा पर्ने चेपेखोलामा कृतिम जलासय डयाम निर्माण उपभोक्ता समिति | १००,००,०००।०० |
| ६-२९।०२।२०७६ | मुक्त कमलरी बिकास मंच भवन निर्माण | ८८,८८,८८८।८९ |
| जम्मा | | १,८८,८८,८८८।८९ |

| | | |
|---|---|---|
| १० | **कन्टिन्जेन्सी खर्च :** उपमहा नगरपालिकाले कन्टिन्जेन्सी रकमको छुट्टै खाता राखी कार्यविधि तयार गरेर सोहि अनुसार खर्च गर्ने गर्नुपर्दछ । तर कार्यालयले अलग्गै कन्टिन्जेन्सी खाता नराखि दायत्वि देखाई बैक नगदीको विविध महलमा राखि खर्च गर्दा कार्यविधि बनाएको छैन । उपमहा नगरपालिकाले बैंक नगदी किताबको विविध महलमा राखी कन्टिन्जेन्सी खर्च रु १९,५२,८१०।३५ गरेकोमा कार्यविधि बनाएको छैन । अत कन्टिन्जेन्सीबाट खर्च गर्दा छुटै कन्टिन्जेन्सी खाता राखि कार्यविधि बनाएर मात्र खर्च गर्ने गरिनु पर्दछ। | |
| ११ | **पन्जिकरण तथा सामाजिक सुरक्षा खर्च:** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | |
| ११.१ | **चौमासिक प्रोफाइल :** सामाजिक सुरक्षा संचालन कार्यविधि २०७२ अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले प्रत्येक चौमासिक लाभग्राही खाता तयार गर्नु पर्दछ । यस नगरपालीका अर्न्तगत वडा कार्यालयहरुले कार्यविधिमा व्यवस्था भए वमोजिम लाभग्राही अभिलेख खाता तयार गरेको देखिएन जसले गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही मध्ये लगत कट्टा भएको संख्या यकिन गर्न सकिएन । अतः चौमासिक लाभग्राही अभिलेख खाता तयार गर्नु पर्दछ । | |
| ११.२ | **लेखापरिक्षण :-** कार्यालयले सामाजिक सुरक्षा स्वरुप भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई तोकिए बमोजिम भत्ता भुक्तानी गर्नुपर्दछ । उपमहा नगरपालिकाले १९ वटा वडा कार्यालयहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको मध्ये वडा गत रुपमा सामाजिक सुरक्षा भत्ता वितरणको फाँटवारी तथा भरपाई पेश नभएकोमा वडागत रुपमा अभिलेख बनाई सामाजिक सुरक्षा भत्ता वितरण गरीनुपर्दछ । | |
| १२ | **जनशक्ति व्यवस्थापन:** यसमा देहायका व्यहोराहरु देखिएका छन्: | |
| १२.१ | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी, पदपूर्ति तथा रिक्त रहेको विवरण लेखापरिक्षणार्थ पेश गरेको छ । विवरण अनुसार २८४ जनाको दरबन्दी रहेकोमा संघीय सरकारबाट सरुवा १४५ जना साविक स्थानीय तहमा कार्यरत ३० जना, करारमा आन्तरिक पदपूर्ती २२५ जना समेत ४०० जना पूर्ती भएको र ११९ जना रिक्त रहेको देखियो । अतः कार्यालयमा रिक्त रहेका दरवन्दिहरु पदपूर्ति गरिनु पर्ने देखिन्छ । | |
| १२.२ | **तलबी प्रतिबेदन :** स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन पारीत नगरी तलव खर्च लेखेको छ । अतः तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १२.३ | **पदपुर्तीको माग** : कार्यालयमा रहेको कर्मचारीको दरवन्दि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८५ अनुसार पदपुर्ती गरिएको हुनुपर्छ । स्थायी तवरले दरबन्दि पूर्ती नगरी २०७५।७६ मा २२५ जना करारमा कार्यरत रहेका छन् । निजामति सेवा ऐन २०४९ तथा स्थानिय सरकार सञ्चालन ऐन को दफा ८५ अनुसार पदपूर्ती गरिनु जरुरी छ । | |
| १३ | **तलब भत्ता तथा थप सुविधा : यसमा देहायका सुविधाहरु रहेको छन ।** | |
| १३.१ | **थप सुविधा :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ अनुसार स्थानीय तहको कर्मचारीहरुको सेवा शर्त तथा सुविधा सम्वन्धि व्यवस्था संघिय कानुन वमोजीम हुने उल्लेख छ । | |

कार्यालयले यो वर्ष देहाय अनुसार नगरपालीकाका निम्न कर्मचारीहरुलाई तलवको ३० प्रतिशत थप भत्ता समेत भुक्तानी गरेको देखिएको छ । कार्यालयले संघिय कानुनसंग मेल नहुने गरी केही ड्राइभरहरुलाई खाइपाइ आएको तलवको ३० प्रतिशत भत्ता दिने गरी निर्णय गरेकोले संघिय कानूनसंग फरक पर्ने गरि भुक्तानी गरेको रकम असुल गर्नु पर्ने देखिएको रु १६०,७७४/-

| क्र सं | पद | **नाम थर** | **जम्मा रकम** |
|---|---|---|---|
| १ | ड्राइभर | खिमानन्द के.सी., हिरालाल चौधरी, गुरुप्रसाद बि.सी. | १६०,७७४।०० |
| | | जम्मा | १६०,७७४।०० |

१३.२ **सेवा करार** : स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी , प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे र सरसफाई सम्बन्धि पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । कार्यालयले सेवा प्रवाहको लागि आवश्यक भएको उल्लेख गरि विभिन्न मितिमा सम्झौता गरी विभिन्न दर्जाका २२५ जना कर्मचारी नियुक्ती गरी तलव भत्ता खर्च लेखेको देखियो । यसरी नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी सेवा करार लिनुपर्नेमा निवेदनको आधारमा करार सेवामा लिने कार्य नियम सम्मत देखिएन । अत: नियमावलीमा उल्लिखित व्यवस्था अनुसार पदपूर्ति गरिनु पर्दछ ।

१३.३ **गाडीभाडा**- गो भौ न १७२९/३१।०३।२०७६ मा कार्यालयले गाडीभाडामा लिई भाडा भुक्तानी गर्दा जिल्ला दररेट अनुसार जिल्ला भित्र रु. ५५०० र जिल्ला बाहिर रु. ७१०० का दरले दिनु पर्ने व्यवस्था छ । कार्यालयले सवारी चालक श्री रामबहादुर चौधरीलाई निजको भरपाइ अनुसार ५५ दिन मध्ये १९ दिन जिल्ला बाहिर रु.७१०० र जिल्ला भित्र ३६ दिनको रु. ५५०० ले जम्मा रु. ३३२९०० दिनु पर्नेमा खर्च लेख्दा रु. ३,४८,००० खर्च लेखी भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु. १५,१०० मा १० प्रतिशत कर कटाइ खुद बढी भुक्तानी गरेको रु. १३५९०।००

१४ **पुजीगत खर्च:** यसमा निम्न व्यहोराहरु देखिएका छन् ।

१४.१ सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३ अनुसार खरीदको लागत अनुमान तयार गर्नु पर्ने र नियम १२५ अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । तर निम्नानुसार भुक्तानी भएकोमा लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार बेगर भुक्तानी दिएको नियमसम्मत् नदेखिएको रु १,६१८,७७०।३७

| गो. भौ नं र मिति | उपभोक्ता वा सप्लायर्स को नाम | कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| १०९५ २०।०२।२०७६ | कुमार क्षेष्ठको घर देखि उत्तर र आश्रम टोल दक्षिण तिरको सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | १,४१९,७८३।३७ |
| १०७ ११।०७।२०७५ | अमानतबाट मर्मत सम्भार | मर्मत सम्भार | १९८,९८७।०० |
| जम्मा | | | १,६१८,७७०।३७ |

१४.२ **अनुगमन बैठक भत्ता:** गो भौ नं १०८४/२७।०२।२०७६ मा अर्थ मन्त्रायको कार्यकम संचालन तथा प्रदेश नं ५ को आर्थिक मामिला तथा योजना मन्त्रालयको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बनधी निर्देशिका, २०७५ मा अनुगमन जाँचपास तथा फरफारक गर्न बसेको बैठकको भत्ता दिने प्रावधान रहेको देखिदैन । कार्यपालिकाले बैठक तथा अनुगमन भत्ता निर्देशिका, २०७५ तयार गरि पदाधिकारी तथा कर्मचारीसमेत ३७ जनालाई अनुगमन बैठक भत्ता रु.११,२८,३७५।- दिएकोले यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्दछ ।

१४.३ प्रदेश नं ५ को आर्थिक मामिला तथा योजना मन्त्रालयको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ मा कार्यालय समयमा बसेको बैठक भत्ता कायक्रममा बैठक भत्ता दिने प्रावधान नरहेको तर निम्नानुसार बैठक भत्ता भुक्तानी भएकोले निम्नानुसार असुल हुनुपर्ने रु ११,९००।००

१४.४ **म्याद थप :**सार्वजनिक खरिद नियमावली २०६४ को दफा(४) मा पच्चीस प्रतिशत अवधि भन्दा बढी अवधिको म्यादथप गर्नु पर्ने मनासिव भएका सम्बन्धित मन्त्रालय वा निकायको सचिवले थप गर्न सक्ने तथा दफा(५) मा म्याद थप सम्बन्धी निर्णय सम्झौता अवधि भित्रै गरिसक्नु पर्ने व्यवस्था छ । त्यस्तै नियम दफा (६) मा शुरु सम्झौताको २८६ प्रतिशत सम्म म्याद थप गरेको छ । त्यस्तै दफा (४) मा उल्लेखित अवधि भन्दा बढी म्याद अवधि थप गरेको तथा दफा(५) मा म्याद थप सम्बन्धी निर्णय सम्झौता अवधिमै गर्नु पर्नेमा मिति २०७६।५।८ को नगर सभाको ६५ औ बैठकले थप गरेकोमा उपमहानगरपालिकाले देहायका ठेक्काहरुको निर्माण अवधिमा म्याद थप नगरी भुक्तानी दिएको नियमित नदेखिएको रु. ६३७४९६३।-

| काम | ठेक्का नम्बर | निर्माण व्यवसायी | सम्झौता मिति | कार्यसम्पन्न गर्नुपर्ने मिति | म्याद थप अवधि | अवधि थप % | लागत अनुमान | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| गुम्रा चोकदेखि आर्मी ब्यारेक जाने बाटो | ८/०७५/७६ | हरितारा कन्स्ट्रक्शन | ०७६।१।१३ | ०७६।९।२५ | ६म. | २५० | १ करोड | ७२४५८६५ | ३४७५९३८ |
| शहिदगेटदेखि जिल्ला प्रशासन सम्म सडक विस्तार | ७/०७५/७६ | वेष्टर्न डेभेलपमेन्ट कन्स्ट्रक्शन | ०७६।१।२२ | ०७६।३।५ | ६म. | २८६ | ४५लाख | ३९८०७३४ | १६२४८९१ |
| वडा कार्यालय भवन निर्माण १९ | ५/०७५/७६ | गुप्ता निर्माण सेवा,गुप्ता राशन सप्लायर्स | ०७६।१।३ | ०७६।९।२५ | ६म. | २२० | ५४८८४०० | ४३९०४९२ | १२७४१३४ |
| जम्मा | | | | | | | | | ६३७४९६३ |

१४.५ **घटी रिभर्स** :गो भौ नं १७५३-२०७६/३/३१ मा आर्थिक कार्यविधि नियमावली २०६४ को नियमावली ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस उपमहा नगरपालिकाको गोश्वारा भौचर नं. १७५३ ०७६।३।३१ बाट ठे.नं.३/०७५/०७६ को चित्रकला निर्माण सेवा प्रा.लि., रोल्पालाई १०,२१,१५९।९७ भुक्तानी गरेकोमा निज निर्माण व्यवसायीको ठेक्का अवधि ०७६/२/१५ मा म्याद सकिएकोले म्याद थप बेगर भुक्तानी नदिने भनी निजको चेक नं. १०११०७५८५ मिति ०७६/३/३१ को चेक रद्द गरी पुन गो.भौ.नं. १८१७/०७६/३/३१ बाट लेखेको पुरै रकम रिभर्स गर्नुपर्नेमा उपमहा नगरपालिकाले रु.६३२,४१९।७३ मात्र रिभर्स गरेको देखियो । यसबाट आन्तरिक राजश्व कार्यालय, तुल्सपुरमा चित्रकला निर्माण सेवा प्रा लि को आयकर हिसावमा dTDE गरेको रु १३५५५।२१, धरौटी रु ४५१८४।०३ र पेश्की फछ्र्यौट रु ३३००००।०० समेत निर्माण व्यवसायिलाई लाभ पुग्न गएको देखिएकोले पेश्की फछ्र्यौट र धरौटीको हिसाव मिलान गर्नुपर्ने र कर दाखिला रकम चित्रकला निर्माण सेवाबाट असुल गर्नुपर्ने देखिएको समेत नियमसम्मत नभएको रु. ३८८,७३९।२४

१४.६ **निर्माण कार्यको गुणस्तर:** आ.व.२०७५/०७६ मा ठेक्का आव्हान गरी ठे.नं. ६/०७५/०७६ को वडा नं. १४,१५ र १८ अन्तर्गत तुलसीपुर चोकदेखि लख्वारे, टाउन एरिया, न्यूरोड, रझेनाचोकदेखि मसिना, गिठेपानी सडक, जिल्ला अदालतदेखि भिंग्रेलीचोक, मार्क कलेजदेखि काठेकोलहुदै हाइवे, मा.वि.सरस्वती काठेकोलदेखि महालक्ष्मी काठमिल, सुपरलज टोल र हस्पिटल टोल(भरतपुर ओरालोदेखि स्वामीको रुख) सम्मको पिचमा Paves Machine, Neumadic Machine and Compressor Machine को प्रयोग बिना नै कालोपत्रे कार्य गरिरहेको तथा यस कार्यमा प्राविधिकको मिलोमतोमा कार्य अगाडी बढाइ रहेको तथा उपभोक्ता समूहहरु मर्फत निर्माण कार्यहरु समेत न्यून गुणस्तरको रहेको भनि व्यापक जनगुनासो आएकोमा कार्यपालिकाको बैठकले प्रथम किस्ता भुक्तानी गरी बाँकी किस्ता तेश्रो पक्षको मूल्याँकनका लागि प्रदेश नं. ५ भौतिक विकास तथा पूर्वाधार मन्त्रालयमा अनुरोध गर्ने र त्यस सम्बन्धमा भएका कमीकमजोरीहरु सम्बन्धमा विस्तृत अध्ययन गर्न ३ सदस्यीय छानबिन समिति गठन गरेकोमा उपमहानगरपालिकाले प्रदेश नं. ५ भौतिक पूर्वाधार विकास मन्त्रालयमा निर्माण कार्यको मूल्याँकनको लागि तेश्रो पक्षलाई अनुरोध गरेको देखिएन तथा तेश्रो पक्षको मूल्याँकन गरेको निर्माण कार्यको गुणस्तर

परीक्षणको प्रमाण पेश नभएकोमा यस देखिएका कैफियतहरुका सम्बन्धमा कार्यालयले तेश्रो पक्ष वा छानबिन गर्न लगानइ यथार्थ प्रतिवेदनका आधारमा बाँकी मूल्याँकनको भुक्तानी हुनु पर्ने देखिन्छ ।

१४.७ **दररेट फरक पारी भुक्तानी :** उपमहा नगरपालिकाले स्वीकृत विभागीय नर्म्स र जिल्ला दररेट भन्दा फरक नपरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर उपमहा नगरपालिकाले कृतिम जलासय निर्माण उपभोक्ता समितिलाई देहायको दरमा भुक्तानी गर्नुपर्नेमा बढी दरमा भुक्तानी गरेको असुल गर्नु पर्ने २५,३५,५३२/-

| भौ. नं. र मिति | कार्य | उपभोक्ता समतिको नाम | कामको विवरण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी | परिमाण | इकाई | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| १७६७/०७६/९/३१ | कृतिम जलाशय(ड्याम) निर्माण | वडानं. १ र २ मा पर्ने खोलामा कृतिम (ड्याम) जलाशय निर्माण उ. स. | Formation of embankment Including 150 mm compacted depth and haulage 10m all complete as per specification | २९५।५ | ३९८८० | १०३।४ | २४५३३।४५ | घ. मी | २५३५५३ |

१४.८ **आइटमवाइज लागत सहभागिता नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७(९क) मा साठीलाख रुपैयाभन्दा बढी लागत अनुदान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायको योगदान हुनुपर्ने व्यवस्था छ । तर उपमहा नगरपालिकाले कृतिम जलाशय(ड्याम) निर्माण गर्न वडा नं. १ र २ मा पर्ने चेपे खोलामा कृतिम (ड्याम) नि.उ.स. सँग लागत अनुमान रु. १ करोडको कार्य मिति २०७६।३।२५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।२।२४ मा सम्झौता गरेकोमा उपभोक्ता समितिले रु. ९७,४९,००२।०० खर्च गरि २०७६।३।१७ मा निर्माण कार्य सम्पन्न गरेकोमा उपभोक्ता समिति/लाभग्राहीले निर्माण कार्यको प्रत्येक कार्य इकाइमा जनसहभागिताको योगदान बेगर भुक्तानी दिएकोले यसमा सुधार गरिनु पर्दछ ।

१५ **चालु, कार्य सञ्चालन र प्रशासनिक खर्च :-** यसमा देहायका व्यहोरा देखिएका छन्।

१५.१ **बढी भुक्तानी :** कार्यालयले कोटेशनको माध्यमबाट प्रतिशपर्धा गराई मालसामान वा सेवा खरिद गर्दा आपूर्तक वा सवा प्रदायकले कबुल गरेको दरमा प्राप्त गरि निजलाई भुक्तानी दिएको हुनु पर्दछ । कार्यालयले देहायका आपूर्तकबाट सामान आपूर्तिकालागी माग गरिएको कोटेशन अनुसारको कबुल अंकमा थप मु अ कर लाग्ने उल्लेख नगरेकोले कबुल मूल्य दरमा नै मु अ कर समावेस गरि भुक्तानी दिनु पर्नेमा विजक जारी गर्दा मु अ कर थप गरि भुक्तानी गरेको देखिएकोले देहाय अनुसार भुक्तानी गरेकोले बढि भुक्तानी गरेको थप रकम असुल गरिनु पर्ने रु १०२,८८८

| भौ.नं. र मिति | विवरण | आपुर्तिकता | भुक्तनी भएको रकम | मूल्य अभिबृद्धि कर रु |
|---|---|---|---|---|
| १६४ २२।०५।२०७५ | छपाई खर्च | पशुपति छापाखाना | ४८२,३७७।२५ | ५६,२४१ |
| १६५ २२।०५।२०७५ | रजिस्टर छपाई खर्च | पशुपति सप्लायर्स | ३०४,६१८।०० | ३५,५१६ |
| १२०५ १५।१२।२०७५ | मसलन्द | जि.सी. सप्लायर्स | ४७९,९८४।४० | ५२,८८१ |
| १२०६ १५।१२।२०७५ | मसलन्द | पशुपति छापाखाना | ३२८,९२५।०० | ३८,३५० |
| | **जम्मा** | | | **१०२,८८८** |

१५.२ **अनुगमन बैठक भत्ता:** गो भौ नं २०७९/३१।०३।२०७६मा अर्थ मन्त्रालयको कार्यकम संचालन तथा प्रदेश नं ५ को आर्थिक मामिला तथा योजना मन्त्रालयको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बनधी निर्देशिका, २०७५ मा अनुगमन जाँचपास तथा फरफारक गर्न बसेको बैठकको भत्ता दिने प्रावधान रहेको देखिदैन । कार्यालयले अर्थ मन्त्रालय र प्रदेश कानुनले दिने उल्लेख नगरेकोमा कार्यपालिकाले बैठक तथा अनुगमन भत्ता निर्देशिका, २०७५ तयार गरि पदाधिकारी तथा कर्मचारी समेत ३४ जनालाई अनुगमन बैठक भत्ता भुक्तानी रु.१७,३४,०००।- मा रु.२,६०,१००।- कट्टा गरी रु.१४,७३,९००।- दिएको देखिएकोले यस प्रकारको खर्च नियन्त्रण हुनु पर्दछ ।

| | | |
|---|---|---|
| १५.३ | **प्रशिस्पर्धा नगराई खरिदः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५(४) बमोजिम सार्वजनिक निकायले रु एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न लिखित खरीद कार्यहरु कोटेशनको प्रतिशपर्धा नगराई सोझै खरिद गरेको देखियो । **छलफलको** क्रममा आर्थिक वर्षको अन्त्यमा निकासा भई द्धन्द पीडितकालागी आवश्यक समान खरिद गर्नुपरेकोले प्रतिश्पर्धा नगराई गरिद गरेको जवाफ दिएको छ । अत: प्रशिपर्धा बेगर खरीद गरेकोले नियमसम्मत नदेखिएको रु | १३,६८,३५४।५० |

| गो. भौ. नं र मिति | आपूर्तिकर्ताको नाम | आपूर्ति गरेको सामान | रकम |
|---|---|---|---|
| २०९० ३१।०३।२०७६ | सिद्धार्थ एग्री सेन्टर | द्धन्द्ध बाट प्रभावित भई सिपमुलक तालिमहरु लिएका ब्यक्तिहरुलाई स्वरोजगार कार्यक्रम अन्तगर्त बिउ बिजन खरीद | २५०,९५८ |
| २०९० ३१।०३।२०७६ | झरना सिलाई मेसिन मर्मत सेन्टर | बिष्णु थापा मार्फत झरना सिलाई मेसिन मर्मत सेन्टर लाई बुटिक सामग्री खरीद बापतको भुक्तानी | ३१५,००० |
| ६८ २८।०६।२०७५ | प्रयास कंक्रीट पोल एण्ड हयुमपाइप उधोग प्रा.लि. | हयुमपाइप तथा पोल खरीद | २८०,५०० |
| १३७ २१।०८।२०७५ | कृष्ण दाना उद्योग | व्यवसायिक फार्महरुलाई मिनरलब्लक तथा फिड सप्लिमेन्ट कार्यक्रम बापत श्रीधर अधिकारीको पेश्की फछ्यौट | १,०२,००० |
| १८९० १८।०३।२०७६ | रीचा इन्टरप्राइजेज | सवारी साधन मर्मत सम्भार खर्च | १,३७,८६० |
| १९१८ २०।०३।२०७६ | सोनी इलेक्ट्रोनिक्स | मेशिनरी औजार खरीद | १,४५,७३०।५० |
| २४२ ०७।१०।२०७५ | राधा मल्लको पेश्की फछ्यौट बापत एडभान्स कृषी सोलुसन प्रा.ली लाई भुक्तानी | कृषि औजार | १,३६,३०६।०० |
| **जम्मा** | | | **१३,६८,३५४।५०** |

| | | |
|---|---|---|
| १५.४ | **अनुगमन प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयमा ३ वटा सवारी साधान मौजूदा रहेता पनि कार्यालयलेले देहायको मितिमा गाडी भाडामा लिई अनुगमन गरेको उल्लेख गरि गाडी भाडा खर्च रु ७८१४५० लेखेको देखियो । यसबाट कार्यालयलाई थप व्ययभार परेकोले यस्तो खर्च नियन्त्रण गरिनु पर्दछ । साथै गाडी भाडामा लिई प्रयोग गरेको अवधिको कार्यको प्रगति विवरण वा अनुगमन प्रतिवेदन तयार नै नगरी गाडी भाडा खर्च भुक्तानी दिएको नियमसम्मत् नदेखिएको रु | ७८१,४५० |

| गो. भौ. नं र मिति | आपूर्ति गरेको सेवा | रकम |
|---|---|---|
| २०८४ ३१।०३।२०७६ | आयोजना अनुगमनको लागी गाडी भाडामा लिए बापतको भुक्तानी | २७७,००० |
| १२१५ १७।१२।२०७५ | नारायण प्रसाद पौडेल द्वारा कक्षा ८ को अनुगमन बापतको भुक्तानी | ४५,००० |
| ७०८ २५।०९।२०७५ | बिभिन्न योजनाको अनुगमन बापत | ५८,५०० |
| १०८५ २७।०२।२०७६ | बिभिन्न योजनाको अनुगमन बापत गाडी भाडा भुक्तानी | ४००,९५० |
| जम्मा | | ७८१,४५० |

| | | |
|---|---|---|
| १५.५ | **वार्षिक खरीद योजनाः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्नेछ व्यवस्था छ । उपमहानगरपालिकाले खरीद कार्य सम्पादन गर्दा बार्षिक खरीद योजना तयार गरेको तर बार्षिक खरीद योजना अनुसार खरीद कार्यको कार्यान्वयन गरेको देखिएन । | |
| १५.६ | **नियम बिपरीत खरीदः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५(४) बमोजिम सार्वजनिक निकायले रु एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ । तर उपमहानगरपलिकाले निम्नानुसार आपुर्तिकर्ता लाई निम्नानुसार भुक्तानी गरेकोमा सो आपुर्तिकर्ता मौजुदा सुचिमा नरहेको देखिएकोले उपमहानगरपालिकामा सुचिकृत आपुर्तिकताबाट मात्र खरीद गर्नु पर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । साथै उक्त खर्च | ४९९,९७९।८० |

| | | |
|---|---|---|
| | नियमसम्मत नदेखिएको रु | |

| गो. भौ. नं र मिति | आपुर्तिकर्ताको नाम | आपुर्ति गरेको सामान | रकम |
|---|---|---|---|
| ६५३ १२।०९।२०७५ | श्रेष्ठ फर्निचर उध्योग | फर्निचर | ४९९,९७९।८० |
| जम्मा | | | ४९९,९७९।८० |

| | | |
|---|---|---|
| १५.७ | **सीमा भन्दा बढी सोझै खरीद:** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ बमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु ५ लाखभन्दा बढी रकमको एउटै व्यक्ति , फर्म , कम्पनि वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरीद गर्न नसकिने व्यवस्था छ । कार्यलयले देहाय अनुसार पटकपटक गरी रु ५ लाखभन्दा बढीको सोझै खरीद गरेकोले नियमसम्मत नदेखिएको रु | १८,८५,७०० |

| गो. भौ. नं र मिति | आपूर्तिकर्ताको नाम | आपूर्ति गरेको सामान | रु |
|---|---|---|---|
| १६४ २२।०५।२०७५ | पशुपति छापाखाना | छपाई खर्च | ४,८२,३७७ |
| १२०६ १५।१२।२०७५ | पशुपति छापाखाना | छपाई खर्च | ३,२८,९२५ |
| १६०५ २७।०३।२०७६ | पशुपति छापाखाना | छपाई खर्च | ४९,३३६ |
| १६७५ ३०।०३।२०७६ | पशुपति छापाखाना | छपाई खर्च | ४५,११३ |
| १७३७ ३१।०३।२०७६ | पशुपति छापाखाना | छपाई खर्च | १९,७९० |
| १२०५ १५।१२।२०७५ | जि.सी सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री खर्च | ४,७९,९८४ |
| १८६६ १७।०३।२०७६ | जि.सी सप्लायर्स | | ४,८०,१७४ |
| **जम्मा** | | | **१८,८५,७००** |

| | | |
|---|---|---|
| १५.८ | **पेश्की फछ्यौटको बिल भरपाई** गो भौ नं १३५९ /०८।०१।२०७६ मा आर्थिक कार्याबिधि नियमावली, २०६४ को नियम ३६ को उपनियम (३) बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । उपमहानगरपालिकाले वडा नं ३ को पेश्की रु ३२७,००० फछ्यौट गर्दा रु २७३०५० को बिल भरपाई भएको तर बिबिध खर्चमा भएको खाजा खर्च रकम रु ५,३९५०।०० बराबरको बिल भरपाई बेगर फछ्यौट गरेको पाइयो । कार्यालयले पेश्की फछ्यौट गर्दा बिल भरपाई राखि मात्र भुक्तानी गर्नु पर्ने देखिन्छ । | ५३९५ |
| १५.९ | **बिल भरपाई बेगर खर्च:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च लेख्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । उपमहानगरपालिकाले निम्नानुसार गौश्वारा भौचर र मितिमा निम्नानुसारका व्यक्ति तथा संस्थालाई देहाय अनुसार भुक्तानी दिएकोले बील भरपाई भन्दा बढि भुक्तानी गरेको रु | ९७९३।०० |

| गो. भौ नं र मिति | नाम | बपत | रकम | बिल भरपाई भएको | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १४३५ १६।०१।२०७६ | नयाँ युगबोध राष्ट्रिय दैनिक | पत्रपत्रिका तथा छपाई खर्च | २१,६५८।०० | ११८६५।०० | ९७९३।०० |

| | | |
|---|---|---|
| १५.१० | **प्रशासनिक खर्च :-** कार्यालयले आफ्नो आन्तरिक आय अनुसार प्रशासनिक खर्च गरेको हुनु पर्दछ । कार्यालयको कूल आन्तरिक आय रु १५२,९८८,७३४।३१ रहेकोमा प्रशासनिक खर्च रु १५३,५१८,८३६।७५ गरेको विवरण लेखापरीक्षणर्थ पेश गरेको छ । कार्यालयले आफ्नो आन्तरीक आय भन्दा प्रशासनिक खर्च रु .५३०,१०२।४४ ले बढी गरेको पाइयो । अत: प्रशासनिक खर्चमा मितव्यीता अपनाउनु पर्ने देखिन्छ । | |
| १६ | **घरनक्सा निवेदन र नक्शा पास :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ३३ को उपदफा (२) अनुसार नक्सा पासको लागी तोकिएको अवधि औसत ३० दिन देखी ५० दिन भित्र घर निर्माणको अस्थायी अनुमति पत्र दिनु पर्ने व्यबस्था छ । कार्यालयले तयार गरेको घर नक्सा पास र निर्माण कार्य सम्पन्न सम्बन्धी विवरण अनुसार यो वर्ष १०२६ वटा घर नक्सा पासको निवेदन प्राप्त भएकोमा अस्थायी अनुमति पत्र शुन्य देखियो । कार्य सम्पन्न हुनेमा गत विगत अनुमति पत्र लिएका मध्ये ३१० र यो वर्ष अनुमति लिएका मध्ये १०७ समेत ४१७ वटा मात्र रहेको देखियो । यसबाट घर नक्सा पासको लागी दिएको निवेदन र सर्वसाधारणलाई दिएको सेवा प्रवाह सन्तोषजनक देखिएन । अत: घर नक्सा पासको निवेदन उपरको कारबाही यथाशिघ्र गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनु पर्ने देखिन्छ । | |
| १७ | **जिन्सी सम्पति प्राप्ती,हस्तान्तरण एवं व्यवस्थापन:** यसमा देहायका व्यहोरा छन् । | |
| १७.१ | **जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० (३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भए पछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको १ प्रति तालुक | |

| | | |
|---|---|---|
| | कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तालुक कार्यालयले त्यस्तो प्रतिवेदनलाई विचार गरी सो अवधि भित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्री गनुपर्ने मालसामान ६ महिना भित्र र मर्मत सम्भार गर्नु पर्ने भए ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनले दिएको निम्न सुझावहरुलाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।<br>कार्यालयले लिलाम गनुपर्ने भनी औल्याएका काठका फर्निचरहरु, टेक्टर १, मोटरसाईकल १, कम्प्युटर १०, प्रिन्टर १०, ल्यापटप ४ वतासमेतका मालसामानहरु लिलामको लागी कारवाही अगाडी वढाउनु पर्ने र मर्मत गर्नुपर्ने भनि औल्याएका मालसमानहरु मर्मत गरी संचालनमा ल्याउनु पर्ने तथा समयमा सवारी साधनको लिलाम गराउनु पर्ने, मर्मतको कारबाही अगाडी बढाउनु पर्ने र कार्यालयको आवश्यक सामानहरु एकमुष्ट माग गरी शाखा प्रमुखको सिफारीसको आधारमा उपलब्ध गराउने । | |
| १७.२ | **सरकारी / सार्वजनिक जग्गाको संरक्षण :** कार्यालयले सरकारी तथा सरकारी ऐलानी जग्गाको संरक्षण गरेको हुनु पर्दछ । उपमहा नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती जग्गाको अभिलेख तयार गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र रहेको ऐलानी-पर्ती सार्वजनिक जग्गाको संरक्षण तथा प्रवर्धन गर्ने कार्य तर्फ ध्यान दिनु पर्ने देखिन्छ | |
| १७.३ | **जिन्सीको वार्षिक प्रतिवेदन :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५३ अनुसार कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालु आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको जिन्सि मालसामानको वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले तयार गरेको तथा सम्बन्धित मन्त्रालय र विभागले त्यसको अनुगमन गर्ने गरेको देखिएन । यसबाट नेप्सास अनुसारको प्रतिवेदन तथा सामानको वार्षिक मूल्यांकनमा असर पर्न सक्छ । अतः जिन्सिको वार्षिक प्रतिवेदन तयार गरिनु पर्दछ । | |
| १७.४ | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुँदा १७ बमोजिम उपमहा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको जिन्सी सम्पत्ति, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउ/नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहमा समाहित भएका साबिकका गाउँ विकास समितिहरु तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख कार्यालयले एकिन गरी अध्यावधिक गरेको देखिएन । अतः कार्यालयले पेश्की बाँकी तथा बेरुजुको अभिलेख एकिकृत गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १८ | **न्यायिक समिति र मुद्दा फछ्र्यौट :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा स्थानीय तहको न्यायिक समिति गठन हुने र दफा ५३ अनुसार न्यायिक समितिको वार्षिक कामको विवरण तयार गर्ने पर्ने व्यबस्था छ । कार्यालयको वार्षिक प्रतिवेदन अनुसार अघिल्लो आ. व. मा फछयौट हुन बाँकी भई यो आर्थिक वर्षमा जिम्मेवारी सारी आएका मुद्धा संख्या १५१ वटा र आ. व २०७५/७६ मा दर्ता भएका मुद्धा संख्या २०६ गरी जम्मा ३५७ वटा मुद्दा मध्ये इजलास बसी छलफल भई निणर्य भएका मुद्धा संख्या ९८ वटा, सामुदायिक मेलमिलाप केन्द्रद्धारा विवाद समाधान गरेको ० वटा, घरमा मिलापत्र भै मिलापत्र गर्न नआएका १३३ वटा र १२६ वटा मुद्धा आ. ब. २०७६।७७ मा जिम्मेवारी सारेको देखिन्छ । न्यायिक समितिको न्याय सम्पादनका कार्यहरु प्रभावकारी बनाईनु पर्ने देखिन्छ । | |
| १९ | **सेवा प्रवाह :-** उपमहा नगरपालिकाले यो वर्ष सर्वसाधारणले सेवा प्राप्तिका लागी दिएका कुल निवेदन मध्ये ५३५८ नागरिकता सिफारिस, ८,६३२ घरबाटो सिफारीस, १,६६७ नाता प्रमाणित, २,२३४ जन्मदर्ता, विवाह दर्ता, ४२५ मृत्युदर्ता, ४२६ बसाई सराई लगायतका सेवा प्रवाह गरको घोराही उपमहा नगरपालिका बाट प्राप्त विवरण को अभिलेख बाट देखिन्छ । साथै विवाह दर्ता, सम्बन्ध विच्छेद तथा अन्य को अभिलेख राखेको देखिएन । | |
| २० | **सेवा प्रवाहको पारदर्शिता :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८(५) अनुसार गाँउपालीका/उपमहा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले त्यस अनुसार गराएको देखिएन । अतः ऐन अनुसारको व्यवस्थाको | |

अनुशरण गरी सेवा प्रवाहलाई पारदर्शी गराइनु पर्दछ।

२१ **शिक्षा, युवा तथा खेलकुद** यसमा देहायका व्यहोराहरु देखिएका छन्।

२१.१ **निकासा खाता :** कार्यालयले विभिन्न विद्यालयहरुमा चौमासिक निकासा दिदा सो निकासा रकम निकासा खातामा प्रविष्टी गरी दोहोरो निकासा नहुने सुनिश्चित गर्नु पर्ने व्यवस्था छ। कार्यालयले विद्यालयहरुलाई निकासा दिदा निकासा खाता अभिलेख राख्ने गरेको देखिएन जसले गर्दा दोहोरो निकासा हुन सक्ने जोखिम रहन्छ। कार्यालयले निकासा खाता अभिलेख अध्यावधिक गरी राख्नु पर्ने देखिन्छ।

२१.२ **शिक्षक लगत :**कार्यालयले निकासा दिने विद्यालयहरुमा शिक्षक नयाँ नियुक्ति हुँदा, सरुवा, बढुवा तथा अवकास भएको अवस्थामा सोको विवरण अद्यावधिक गरीनु पर्दछ। कार्यालयले सो विववरण तयार गरेको देखिएन। यसले गर्दा शिक्षकको विवरण अद्यावधिक नहुँदा घटी बढी निकासा हुन सक्ने देखिन्छ।

२१.३ **मा.वि. शिक्षक निकासा :** निम्नानुसार दरवन्दिका शिक्षकहरुको तलव भत्ता तथा पोशाक खर्च देहाय अनुसार विधालयलाइ निकासा दिएकोमा शिक्षक किताव खाना दरवन्दि भएको नदेखिएकोले निकासा दिनुपर्ने आधार प्रमाण नभएको रु १६६,०४,३६०/-

| सि.नं. | विद्यालयको नाम | तलव | महंगी भत्ता | दशै खर्च | पोशाक | वार्षिक |
|---|---|---|---|---|---|---|
| १ | श्री हापुर मा.वि.निघुवार | ८२१,२८० | ४८,००० | ६८,४४० | २०,००० | ९५७,७२० |
| २ | श्री मा.वि. हापुर बिजौरी | ८२१,२८० | ४८,००० | ६८,४४० | २०,००० | ९५७,७२० |
| ३ | श्री मा.वि. डाँडागाउँ गोग्ली | ४१०,६४० | २४,००० | ३४,२२० | १०,००० | ४७८,८६० |
| ४ | श्री गंगा मा.वि.रामपुर | ८२१,२८० | ४८,००० | ६८४,४४० | २०,००० | १,५७३,७२० |
| ५ | श्री प.प.नमुना मा.वि. भरतपुर | २,४६३,८४० | १४४,००० | २०५,३२० | ६०,००० | २,८७३,१६० |
| ६ | श्री सिद्धरत्ननाथ मा.वि. | १,२३१,९२० | ७२,००० | १०२,६६० | ३०,००० | १,४३६,५८० |
| ७ | श्री मा.वि. रभेना | २,०५३,२०० | १२०,००० | १७१,१०० | ५०,००० | २,३९४,३०० |
| | जम्मा | ८,६२३,४४० | ५०४,००० | १,३३४,६२० | २१०,००० | १०,६७२,०६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | श्री प.प.नमुना मा.वि. भरतपुर | | | | | | |
| | प्रशिक्षक उ.मा.वि.२ | ८२१२८० | ४८००० | ७२००० | ६८४४० | २०००० | १०२९७२० |
| | प्रशिक्षक मा.वि.२ | ७३२००० | ४८००० | ७२००० | ६१००० | २०००० | ९३३००० |
| | स. प्रशिक्षक २ | ५६४००० | ४८००० | ७२००० | ४७००० | २०००० | ७५१००० |
| | जम्मा | २११७२८० | १४४००० | २१६००० | १७६४४० | ६०००० | २७१३७२० |
| २ | श्री गोरक्ष रत्ननाथ मा.वि. | | | | | | |
| | प्रशिक्षक उ.मा.वि.३ | १२३१९२० | ७२००० | १०८००० | १०२६६० | २०००० | १५३४५८० |
| | प्रशिक्षक मा.वि.२ | ७३२००० | ४८००० | ७२००० | ६१००० | २०००० | ९३३००० |
| | स. प्रशिक्षक २ | ५६४००० | ४८००० | ७२००० | ४७००० | २०००० | ७५१००० |
| | जम्मा | २५२७९२० | १६८००० | २५२००० | २१०६६० | ६०००० | ३२१८५८० |
| | प्राविधिकको जम्मा | ४६४५२०० | ३१२००० | ४६८००० | ३८७१०० | १२०००० | ५९३२३०० |
| | **सवैको जम्मा रू** | | | | | | १६६०४३६० |

२१.४ **पाठ्यपुस्तक निकासा:** कार्यालयले विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको निकासा गर्दा विद्यार्थीहरुले पाठ्यपुस्तक बुझेको भरपाइ तथा विद्यार्थी संख्याको आधारमा निकासा दिएको हुनुपर्दछ। कार्यालयले देहाय अनुसारका विद्यालयहरुलाई विद्यार्थी संख्या तथा पाठ्यपुस्तक बुझेकोभन्दा बढी संख्यामा निकासा दिएको देखियो। अतः उक्त रकम विद्यालयहरुबाट असुल गर्नुपर्ने देखिएको रु. १०४,९७२/-

| सि.नं. | विद्यालयको नाम | कक्षा | बिद्यार्थी संख्या | पाठ्यपुस्तक सेट | बढी | प्रतिसेट रू. | जम्मा रू. |
|---|---|---|---|---|---|---|---|
| १ | श्री आ.वि. दलजितपुर | २ | १४ | १५ | १ | २३४ | २३४ |
| | | ३ | १९ | २० | १ | २८८ | २८८ |
| | | ४ | २६ | २७ | १ | ३३६ | ३३६ |
| | | ८ | ५१ | ५२ | १ | ५४३ | ५४३ |
| | जम्मा | | ११० | ११४ | | | १४०१ |
| २ | श्री मा.वि. सिमलतारा | १ | ४० | ४३ | ३ | २४४ | ७३२ |
| | | २ | ४५ | ४८ | ३ | २३६ | ७०८ |
| | | ३ | ३५ | ४१ | ६ | २३२ | १३९२ |
| | | ७ | ४८ | ५७ | ९ | ५०२ | ४५१८ |
| | जम्मा | | १६८ | १८९ | | | ७३५० |
| ३ | श्री प.प.नमुना मा.वि. भरतपुर | १ | ५६ | ५९ | ३ | २४४ | ७३२ |
| | | २ | ४६ | ५८ | १२ | २३६ | २८३२ |
| | | ४ | ६९ | ७३ | ४ | ३३६ | १३४४ |
| | | ५ | ७६ | ८२ | ६ | ३७२ | २२३२ |
| | | ६ | १३० | १४५ | १५ | ४५१ | ६७६५ |
| | | ८ | ३१५ | ३२३ | ८ | ५४४ | ४३५२ |
| | | ९ | ३९२ | ४४४ | ५२ | ५९९ | ३११४८ |
| | | १० | ४४३ | ४९७ | ५४ | ६२८ | ३३९१२ |
| | जम्मा | | १५२७ | १६८१ | | | ८३३१७ |
| ४ | श्री मा.वि. रभेना | ५ | ९२ | ९७ | ५ | ३७२ | १८६० |
| | | ७ | ९० | ११२ | २२ | ५०२ | ११०४४ |
| | जम्मा | | १८२ | २०९ | | | १२९०४ |
| | कुल जम्मा | | १९८७ | २१९३ | | | १०४९७२ |

| | | |
|---|---|---|
| २१.५ | **छात्रबृत्ति :** विद्यालयलाई छात्रबृत्ति रकम निकासा गर्दा छात्रबृत्ति पाउने विद्यार्थी संख्याको आधारमा निकासा गरेको हुनुपर्दछ । कार्यालयले देहाय अनुसारका विद्यालयहरुलाई छात्रबृत्ति निकासा गर्दा विद्यार्थीहरुले बुझेको भन्दा बढि निकासा दिएको देखियो । अतः विद्यार्थीको भरपाई भन्दा बढी निकासा दिएको छात्रबृत्ति रकम विद्यालयबाट असुल गुर्नपर्ने देखिएको रु. | १०५१००/- |

| सि. नं. | विद्यालयको नाम | कक्षा | छात्रा छात्रबृत्ति | | दलित छात्रबृत्ति | | बढी संख्या | | | | | | कुल जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा संख्या | भरपाई | पाउने संख्या | भरपाई | छात्रा | दर | जम्मा | दलित | दर | जम्मा | |
| १ | श्री आ. वि. दलजितपु | १ | ६ | ५ | ३ | ० | १ | ४०० | ४०० | ३ | ५०० | १५०० | १९०० |
| | | ३ | १४ | ९ | ३ | २ | ५ | ४०० | २००० | १ | ५०० | ५०० | २५०० |
| | | ४ | १७ | १२ | ४ | ४ | ५ | ४०० | २००० | ० | ५०० | ० | २००० |
| | | ६ | १८ | १५ | ७ | ७ | ३ | ४०० | १२०० | ० | ५०० | ० | १२०० |
| | | ७ | २८ | २२ | १२ | ६ | ६ | ४०० | २४०० | ६ | ५०० | ३००० | ५४०० |
| | | ८ | २६ | २२ | ८ | ८ | ४ | ४०० | १६०० | ० | ५०० | ० | १६०० |
| | जम्मा | | १०९ | ८५ | ३७ | २७ | २४ | | ९६०० | १० | | ५००० | १४६०० |
| २ | श्री आ. वि. सिमलता | १ | १३ | १५ | ८ | ६ | ० | ४०० | ० | २ | ५०० | १००० | १००० |
| | | २ | ३१ | १३ | १७ | १५ | १८ | ४०० | ७२०० | २ | ५०० | १००० | ८२०० |
| | | ४ | २४ | ११ | ५ | १० | १३ | ४०० | ५२०० | ० | ५०० | ० | ५२०० |
| | | ५ | २४ | १५ | ७ | १२ | ९ | ४०० | ३६०० | ० | ५०० | ० | ३६०० |
| | | ६ | २८ | २५ | ९ | ११ | ३ | ४०० | १२०० | ० | ५०० | ० | १२०० |
| | | ७ | २७ | २१ | ६ | १० | ६ | ४०० | २४०० | ० | ५०० | ० | २४०० |
| | | ८ | २५ | १२ | ४ | ११ | १३ | ४०० | ५२०० | ० | ५०० | ० | ५२०० |
| | जम्मा | | १७२ | ११२ | ५६ | ७५ | ६२ | | २४८०० | ४ | | २००० | २६८०० |
| ३ | श्री प. प. नमुना मा. वि. भरतपुर | १ | १९ | १७ | ४ | ३ | २ | ४०० | ८०० | १ | ५०० | ५०० | १३०० |
| | | २ | २३ | २२ | १० | ९ | १ | ४०० | ४०० | १ | ५०० | ५०० | ९०० |
| | | ३ | १४ | १३ | | | १ | ४०० | ४०० | ० | ५०० | ० | ४०० |
| | | ५ | ३२ | ३१ | | | १ | ४०० | ४०० | ० | ५०० | ० | ४०० |
| | | ६ | ५६ | ५६ | १७ | १५ | ० | ४०० | ० | २ | ५०० | १००० | १००० |
| | | ७ | ७४ | ७२ | १९ | १८ | २ | ४०० | ८०० | १ | ५०० | ५०० | १३०० |
| | | ८ | १२९ | १२८ | २० | १८ | १ | ४०० | ४०० | २ | ५०० | १००० | १४०० |
| | | ९ | | | ३० | २४ | ० | ४०० | ० | ६ | ५०० | ३००० | ३००० |
| | | १० | | | ४० | ३८ | ० | ४०० | ० | २ | ५०० | १००० | १००० |
| | जम्मा | | ३४७ | ३३९ | १४० | १२५ | ८ | | ३२०० | १५ | | ७५०० | १०७०० |
| ४ | श्री मा. वि. रभेना | १ | ४० | १९ | | | २१ | ४०० | ८४०० | ० | ५०० | ० | ८४०० |
| | | २ | ४२ | १६ | | | २६ | ४०० | १०४०० | ० | ५०० | ० | १०४०० |
| | | ३ | ४१ | २२ | १८ | १७ | १९ | ४०० | ७६०० | १ | ५०० | ५०० | ८१०० |
| | | ४ | ४५ | २८ | | | १७ | ४०० | ६८०० | ० | ५०० | ० | ६८०० |
| | | ५ | ४८ | ४४ | | | ४ | ४०० | १६०० | ० | ५०० | ० | १६०० |
| | | ६ | ५६ | ४१ | | | १५ | ४०० | ६००० | ० | ५०० | ० | ६००० |
| | | ७ | ४७ | ३८ | | | ९ | ४०० | ३६०० | ० | ५०० | ० | ३६०० |
| | | ८ | ५७ | ३८ | १२ | ११ | १९ | ४०० | ७६०० | १ | ५०० | ५०० | ८१०० |
| | जम्मा | | ३७६ | २४६ | ३० | २८ | १३० | | ५२००० | २ | | १००० | ५३००० |
| | कुल जम्मा | | १००४ | ७८२ | २६३ | २५५ | २२४ | | ८९६०० | ३१ | | १५५०० | १०५१०० |

२१.६ **ग्रेडबृद्धि निकासा :** कार्यालयले विद्यालयका शिक्षकहरुको तलवभत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट स्वीकृत शिक्षकहरुको ग्रेड संख्याको आधारमा ग्रेडबृद्धि रकम निकासा गरेको हुनुपर्दछ । तर कार्यालयले देहाय अनुसारका विद्यालयहरुलाई शिक्षकहरको ग्रेडबृद्धि रकम स्वीकृत संख्याभन्दा बढी निकासा दिएको देखियो । अत: उक्त रकम विद्यालयबाट असुल गर्नुपर्ने देखिएको रु. ११६५८२/-

| सि. नं. | विद्यालयको नाम | शिक्षकको नाम | पारित ग्रेड संख्या | पाएको ग्रेड | बढी ग्रेड संख्या | दर | चाडपर्व खर्च | वार्षिक तलव | कसं. कोष थप | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मा. वि. भिङगनी बंजारी | जितबहादुर जिसी | ४ | ५ | १ | ७८३ | ७८३ | १०३३५।६० | ७८३ | ११ |
| २ | श्री मा. वि. गोग्ली | भागवत अधिकारी | ४ | ५ | १ | ७८३ | ७८३ | १०३३५।६० | ७८३ | ११ |
| ३ | श्री प्रा. वि. पक्वै | धर्मबहादुर बुढाथोकी | ४ | ५ | १ | ७३९ | ७३९ | ९७५४।८० | ७३९ | १० |
| ४ | श्री नरदेवी मा. वि. | रेवतबहादुर डाँगी | ४ | ५ | १ | ७८३ | ७८३ | १०३३५।६० | ७८३ | ११ |
| ५ | श्री बराहक्षेत्र मा. वि. | दीपा के. सी. रावत | ३ | ५ | २ | १०१७ | १०१७ | २६८४८।८० | २०३४ | २८ |
| ६ | श्री प्रा. वि. भैसाही | बसन्तराज अधिकारी | ४ | ५ | १ | ७८३ | ७८३ | १०३३५।६० | ७८३ | ११ |
| ७ | श्री प्रा. वि. हरिद्वार | कृष्णप्रसाद आचार्य | ४ | ५ | १ | ७८३ | ७८३ | १०३३५।६० | ७८३ | ११ |
| ८ | श्री प्रा. वि. हरिद्वार | जगबीर चौधरी | ४ | ५ | १ | ७८३ | ७८३ | १०३३५।६० | ७८३ | ११ |
| ९ | श्री गोरक्षरत्ननाथ मा. वि. | सुष्मा रावत क्षेत्री | १ | ५ | १ | ७३९ | ७३९ | ९७५४।८० | ७३९ | १० |
| | जम्मा | | | | | | | १०८३७२।०० | ८२१० | ११६ |

२१.७ **निजिश्रोतको शिक्षक:** विद्यालयले स्वीकृत दरबन्दी नरहि नीजि श्रोतबाट बेहोर्ने गरि राखेको शिक्षकको पारिश्रमिक कार्यालयले व्यहोर्नुपर्ने व्यवस्था रहेको छैन । तर कार्यालयले देहाय अनुसारका विद्यालयहरुलाई उपमहा नगरपालिकाले शसर्त विनियोजित रकमबाट दरबन्दी बेगरका नीजि श्रोतका शिक्षकका लागी निकासा दिएको देखियो । उक्त रकम असूल उपर गर्नुपर्ने रु ३०,४०,०००

| सि.नं. | वडा नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|---|
| १ | २ | श्री प्रा.वि. बालिम | ६५००० |
| २ | २ | श्री रात्री प्रा.वि. पलासे | १६०००० |
| ३ | २ | श्री प्रा.वि.निमुरीया | ३००००० |
| ४ | २ | श्री प्रा.वि.सोरेटी | ८०००० |
| ५ | २ | श्री प्रा.वि. सुर्केडाँगी | ५०००० |
| ६ | २ | श्री आधारभुत विदालय चाक्लीघाट | ३००००० |
| ७ | २ | श्री जनता मा.वि.बुका | १५०००० |
| ८ | ८ | श्री आधारभुत विदालय दुन्द्रा | १८५००० |
| ९ | १२ | श्री प्रा.वि. सिस्नेरी | १००००० |
| १० | १२ | श्री प्रा.वि.माराकोट | १००००० |
| ११ | १२ | श्री प्रा.वि.गुरौ | १००००० |
| १२ | १२ | श्री प्रा.वि.श्रीचौर | १००००० |
| १३ | १२ | श्री प्रा.वि.पेदा | ५०००० |
| १४ | १२ | श्री आ.वि. हापुर गुर्जे | १५०००० |
| १५ | १२ | श्री मा.वि.हापुर निघुवार | २००००० |
| १६ | १५ | दलित, जनजाती, अपांग भएका पिछडिएको समुदायकाविद्यार्थीकालागि छात्रवृत्ति वितरण, सचेतना कार्यक्रम | ७००००० |
| १७ | १९ | मा.वि. होडबाङ मन्टेश्वरी कक्षा संचालन | २५०००० |
| | १२ | जम्मा | ३०४०००० |

२१.८ **खर्चको प्रमाण:-**आर्थिक कार्यविधि नियमावली,२०५६ को नियम ३६(३) मा खर्च लेख्दा खर्चको बिलभरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसार कार्यका लागि विभिन्न क्रियाकलापहरुलाइ खर्च प्रमाणित गर्ने बिल भरपाइ बेगर अनुदान निकासा दिएको देखियो । अतः खर्च प्रमाणित गर्ने प्रमाण कागजात नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ताको बिलभरपाइहरु पेश गर्नु पर्ने :

| भौचर नं./मिति | विद्यालयको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १५/२०७५।११।२८ | श्री पद्मोदय पब्लिक नमुना मा.वि. | विद्यालयको भौतिक निर्माण सशर्त | ९०००००० |
| ५८/२०७६।३।१९ | श्री पद्मोदय पब्लिक नमुना मा.वि. | विद्यालयको भौतिक निर्माण सशर्त | ६०००००० |
| १८/२०७५।१२।१२ | श्री बाल विकास मा.वि. | ४ कोठे भवन निर्माण का.स.प्रतिवेदन/नापी किताव नभएको | ५४०००० |
| ६७/२०७६।०३।२६ | श्री रात्री प्रा.वि.पलासे | २ कोठे भवन निर्माण का.स.प्रतिवेदन/नापी किताव नभएको | १५९५०६१ |
| ८३/२०७६।३।२१ | श्री बालमन्दिर प्रा.वि. | पूर्वाधारयुक्त आवासीय विद्यालय निर्माणका लागि सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, तयारी र निर्माण तथा संचालन | १००००००० |
| ७६/२०७६।३।३१ | श्री रभेना मा.वि. | ४ कोठे भवन निर्माण कार्य | ३६००००० |
| | जम्मा | | ३०७३५०६१ |

२१.९ **प्रतिस्पर्धात्मक खरिद**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम अनुसार रु. ५ लाख भन्दा बढीको खरिदमा शिलवन्दी कोटेशनो माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका क्रियाकलापहरुलाई बिज्ञान सामाग्री खरिद कार्य सार्वजनिक खरिद नियमावली अनुसार हुनुपर्ने भन्ने शर्त रहेको छ। तर उल्लिखित विद्यालयहरुले टुक्रा टुक्रा खरिद गरकोले नियम सम्मत नदेखिएको रु. १३,००,०००

| भौचर नं./मिति | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३५/२०७६।३।२ | श्री मा.वि. हापुर विजौरी | २०७५/१२/११ को लक्की सर्जिकल सप्लायर्सको १६ थान बिल अनुसार खरिद | ६५०००० |
| ३६/२०७६।३।२ | श्री मा.वि.सौडीयार | चाहना सर्जिकल एण्ड सप्लायर्सको २०७६।२।२१ को १७ थान बिल अनुसार | ६५०००० |

२२ **कृषि तथा पशु सेवा कार्यक्रम : यसमा निमन व्यहोराहरु देखिएका छन ।**

२२.१ **पशु विकास कार्यक्रम :-** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३६(३) मा खर्च लेख्दा खर्चको विल भरपाई सहितको लेखा राख्ने व्यवस्था छ। कार्यालयले आहारा श्रोत विकास सहयोग कार्यक्रम को लागी सहकार्यमा हिँउदे घास खेति को लागी बिउहरु कृषकहरुलाई वितरण गर्दा सुचना प्रकासन गरी र लाभग्राहि कृषकहरु सँग भएको जग्गा यकिन गरी सुचि तयार पारी वितरण गरीनु पर्दछ । उपमहानगरपालिकाले बिउहरु वितरण गर्दा सुचना प्रकासन नगरी र लाभग्राही कृषकहरु सँग भएको जग्गा यकिन नगरी अर्थ बिकास समितिको सिफारीसमा निम्न परिमाणमा बिउहरु बितरण गरेको पाईयो ।

| **भौ. नं र मिति** | **विवरण** | **परिमाण -के. जी)** | **रकम** |
|---|---|---|---|
| १६ २९।०९।२०७५ | जै घासको विउ खरीद | १,००० | २०,००० |
| | वर्षिम घसको विउ खरीद | ४०० | ५०,००० |
| | भेच घासको विउ खरीद | ६०० | ३०,००० |
| ३८ २७।०३।२०७६ | टियोसेन्टी घास | ९३० | ९३,००० |
| | | | १,९३,००० |

२३ **महिला बालबालिका तथा सामाजिक विकास:** गो भौ नं **२६/०७५/९/२७** मा महानगरपालिकाले सौभाग्य महिला विकास तथा वचत तथा ऋण सहकारी संस्था लिमिटेडसँगको साझेदारीमा सुरक्षित अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन गरेकोमा यस देखिएका व्यहोराहरु यस प्रकारका छन् ।

**(क) प्रगति प्रतिवेदन:** घोराही उपमहानगरपालिका र सौभाग्य महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडसँग अनाथ, असहाय, हिंसा प्रभावित तथा जोखिममा परेका महिला तथा बालबालिकाहरुका लागि कपडा, खाद्यान्न, मनोसामाजिक विमर्स लगायतको सहयोग उपलब्ध गराउने गरि मिति २०७५।४।९ मा भएको सम्झौताको बुँदा नं. ६ मा संस्थाले उपलब्ध गराउने सहयोगको मासिक रुपमा कार्यविवरण तथा प्रगति विवरण पहिलो पक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। तर संस्था (दोश्रो पक्ष) ले मासिक रुपमा कार्य विवरण तथा प्रगति विवरण बनाएको नदेखिएको तथा पहिलो पक्ष समक्ष प्रगति प्रतिवेदन समेत पेश गरेको छैन ।

**(ख)** सम्झौताको बुँदा नं. ४ मा सुरक्षित अल्पकालिन आश्रय सहितको केन्द्रमा आएको प्रभावितको विवरण तुरुन्त पहिलो पक्ष समक्ष पेश गर्नु पर्ने तथा सम्बन्धित स्थानीय तहमा नै रिफर गर्ने व्यवस्था गरेकोमा संस्थाले के कति प्रभावित यस न.पा.को तथा के कति प्रभावित अन्य स्थानीय तहहरुको छन् । ती मध्ये के कति प्रभावितको उद्धार गरी परिवारसँग मेलमिलाप गराएको तथा सम्बन्धित स्थानीयहरुलाई जिम्मा लगाएको हो सोको विवरण संस्थाले कार्यालयमा पठाएको देखिएन ।

२४ **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ५ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बनधी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार उपमहा नगरपालिकाले देहाय वमोजिम मासिक सुविधा रु १२,६०,०००. र बैठक भत्ता वार्षिक रु २८,५०,००० ले वार्षिक रु १,७९,७०,००० सुविधा भुक्तानी भएको देखियो ।

| सि.न. | विवरण | प्रमुख | उप प्रमुख | वडा अध्यक्ष १८ जना | कार्यपालिका सदस्य ७ जना | सभाका सदस्य ६८ जना | जम्मा बार्षिक |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ४०,००० | ३५,००० | ४६८,००० | १०५,००० | ६१२,००० | १,२६०,००० |
| २ | सञ्चार सुविधा मासिक | | | | | | |
| ३ | बैठक भत्ता बैठक सभाको आधारमा | ३०,००० | ३०,००० | ५४०,००० | २१०,००० | २०,४०,००० | २८५०,००० |
| | **जम्मा** | | | | | | **४१,१०,०००** |

२५.१ **सल्लाहकारको तलव भत्ता:** निजामति सेवा ऐन २०४९ अनुसार कार्यालयले दरबन्दि बेगरको पदमा कर्मचारी नियुक्ती गर्नु पाउने व्यवस्था रहेको छैन । कानूनी सल्लाहकार श्री भुपबहादुर के.सी. र प्रेस संयोजक श्री निमबहादुर घर्तीलाई प्रतिमहिना रु. २०,०००।००का दरले पारिश्रमिक उपलव्ध गराउनु पर्ने कार्यपालिकाको मिति २०७६।४।१३ को निर्णय नं. १० बाट खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु ५२०,०००/-

| सि.नं. | पद | पदाधिकारीको नाम | मासिक तलव | दशै खर्च | वार्षिक जम्मा |
|---|---|---|---|---|---|
| १ | कानुनी सल्लाहकार | श्री भुपबहादुर के.सी. | २०००० | २०००० | २६०००० |
| २ | प्रेस संयोजक | श्री निमबहादुर घर्ती | २०००० | २०००० | २६०००० |
| | जम्मा | | ४०००० | ४०००० | ५२०००० |

२६ **बेरुजु फछ्र्यौट र सम्परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ र आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १८ बमोजिम लेखापरिक्षणबाट बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवारी व्यक्तिको हुने र दफा १९ अनुसार तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८(२) मा लेखापरीक्षणबाट कायम भएका बेरुजुका प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवारी व्यक्ति वा कार्यालय प्रमुख हुने उल्लेख छ । कार्यालयले साविक गाउँ विकास समितिहरुको बाँकी वेरुजूसमेत अद्यावधिक गरेको छैन । लेखापरिक्षणको समयमा आ व २०७४।७५ को बेरुजू मध्ये सम्परिक्षणकालागी रु १६,२८,५६,८१५।- पेश गरेको छ । अत: साविक गाउँ विकास समितिहरुको बाँकी वेरुजूसमेत अद्यावधिक गरि बाँकी बेरुजू फछ्र्यौट गरिनु पर्दछ ।

| सि न | आ व | बेरुजू दफा | सम्परीक्षणको व्यहोरा | रु |
|---|---|---|---|---|
| १ | २०७४/७५ | १४ | बैठक भत्ता असुल भई बैंक दाखिला भएको | ६८७८७५ |
| २ | २०७४/७५ | १५ | अनुगमन बैठक भत्ता असुल भई बैंक दाखिला भएको | २४२२५० |
| ३ | २०७४/७५ | १२.२ | को ले नि का पठाउनु पर्ने सामाजिक सुरक्षा भत्ता नपठाएकोमा बेरुजू खाता दाखिला गरेको | १३०९००९० |
| ४ | २०७४/७५ | १२.३ | सामाजिक सुरक्षा भत्ताको भरपाई नभएको | १४८८३६६०० |
| | | | **जम्मा** | **१६२८५६८१५** |

२७ **सम्परीक्षणबाट देखिएका व्यहोराहरु:**

२७.१ आर्थिक वर्ष २०७४।०७५ मा सिभिल बैंक समेत १४ वटा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता रु. १९,८५,९३,४००।०० निकासा दिएकोमा रु. १६२५९९०००।०० वितरण गरेको लाभाग्राही भुक्तानी प्रतिवेदन पेश गरेको छ । वितरण नभई बाँकी रहेको रु.३,७१,२९,६००।०० फिर्ता गर्नु पर्नेमा रु. १३७८१४६०।०० मात्र फिर्ता गरेकोले विभिन्न बैंक बाट असुल गर्नुपर्ने देखिएको रु. २,५५,५२,७४०।-

२७.२ कार्यालयले आ.व.०७४।०७५ मा देहाय अनुसार सिभिल बैंक समेत १४ वटा बैंक मार्फत भत्ता वितरण गरिएकोमा साँग्रीला डेभेलपमेन्ट बैंक समेत ६ वटा बैंकले रु. १३७८१४६०।०० फिर्ता गरेकोमा कार्यालयलेरु.१,३०,९०,०९०।०० मात्र बेरुजु खातामा दाखिला गरेको देखिएकोले बाँकी रकमसमेत दाखिला गर्नुपर्ने देखिएको रु ६९१,३७०।००

| क्र.स. | वडा नं | बैङ्कको नाम | निकासा तेस्रो | २०७४/०७५ को निकासा | वितरण गरेको | बाँकी | फिर्ता रकम जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | सिभिल बैङ्क | रु34,50,400 | रु1,03,06,000 | रु2,91,23,200 | रु46,02,600 | |
| | २ | सिभिल बैङ्क | रु43,92,200 | रु1,26,97,400 | | | |
| | ५ | सिभिल बैङ्क | रु36,34,000 | रु1,07,22,400 | | | |
| २ | ३ | प्रभु बैङ्क | रु32,37,000 | रु96,79,000 | रु80,68,600 | रु16,10,400 | |
| ३ | ४ | ज्योती विकास बैङ्क | रु37,02,000 | रु1,08,77,000 | रु1,82,57,400 | रु17,95,800 | |
| | १६ | | रु31,24,000 | रु91,76,200 | | | |
| ४ | ६ | सांग्रिला डेभलपमेन्ट बैङ्क | रु22,35,600 | रु66,02,800 | रु64,11,200 | रु1,91,600 | रु1,13,200 |
| ५ | ७ | साइनरेसुङ्गा डेभलपमेन्ट बैङ्क | रु25,32,000 | रु74,15,600 | रु73,29,200 | रु86,400 | |
| ६ | ८ | वेष्टर्न डेभलपमेन्ट बैङ्क नारायनपुर | रु27,03,200 | रु79,64,000 | रु1,78,94,800 | रु1,59,200 | रु23,63,800 |
| | १० | | रु33,72,800 | रु1,00,90,000 | | | |
| ७ | ९ | एन.आई.सि. एसिया बैङ्क | रु27,91,200 | रु87,05,200 | रु77,93,800 | रु9,11,400 | रु5,78,170 |
| ८ | ११ | भार्गव विकास बैङ्क नारायणपुर | रु27,40,400 | रु81,34,000 | रु62,41,000 | रु18,93,000 | |
| ९ | १३ | भार्गव विकास बैङ्क घोराही | रु35,49,400 | रु1,03,38,200 | रु1,00,04,600 | रु3,33,600 | रु2,18,500 |
| १० | १२ | कामना सेवा विकास बैङ्क | रु51,36,800 | रु1,51,47,200 | रु1,26,52,400 | रु24,94,800 | |
| ११ | १४ | माछापुच्छ्र बैङ्क लि. | रु39,39,200 | रु1,13,46,800 | रु1,04,71,200 | रु1,43,78,000 | रु57,87,790 |
| | १५ | | रु46,90,400 | रु1,35,02,400 | | | |
| | १४,१५ | छुट वितरण रकम | - | - | रु11,35,200 | | |
| १२ | १७ | ग्लोबल आइ.एम.ई बैङ्क | रु44,37,200 | रु1,29,18,000 | रु96,82,400 | रु32,35,600 | |
| १३ | १८ | कृषि विकास बैङ्क | रु57,72,800 | रु1,64,83,200 | रु1,13,72,000 | रु51,11,200 | रु47,20,000 |
| १४ | १९ | सिटिजन्स बैङ्क | रु22,40,000 | रु64,88,000 | रु61,62,000 | रु3,26,000 | |
| जम्मा | | | रु6,76,80,600 | **रु19,85,93,400** | **रु16,25,99,000** | **रु3,71,29,600** | **रु1,37,81,46** |

**अनुगमन तथा मुल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ ले बेरुजु फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोहि ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजु फछ्ययौट गर्ने गराउने काम कर्तब्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । तर कार्यालयले गत वर्षको वेरुजु फछ्यौट तथा सम्परीक्षण गराएको छैन र बाँकी बेरुजु स्थिति निम्नानुसार देखिएको छ ।

| गत वर्षको बेरुजु रकम रु क | यो वर्ष फछ्यौट रु ख | बाँकी रु |
|---|---|---|
| २४,९८,५७,०००/- | १६,२८,५६,८१५/- | ८,७०,००,१८५/- |

**अधावधिक वेरुजु स्थिति :** उपमहा नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ सम्मको फछ्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्ष सम्मको फछ्यौट गर्न | यो वर्षको सं.प.बाट कायम बेरुजु रु घ | यो वर्षमा कायम बेरुजु रु ङ | बाँकी |
|---|---|---|---|
| ८,७०,००,१८५/- | २,६२,४४,११०/- | १२,००,१८,०५९/२४ | २३,३२,६२,३५४.२४ |

....

## घोराही उप-महानगरपालिका

**अनुसूची १**

## स्थानीयतह सञ्चित कोष विवरण

**२०७५।७६**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | **घोराही उप-महानगरपालिका** | दाङ | ९४११५ | ३३००८५ | ५०७४१२ | ७६८२१४ | १६०५७११ | | | १४५८५६० | १४५८५६० | २४१२६६ |

**अनुसूची- २**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७५।७६**

(रु.हजारमा)

| सि. नं. | स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभन ा नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | **घोराही उप-महानगरपालिका** | दाङ | ५५ | ३६ | ३६३०९७ | | ५ | २१६८३५ | ५५ | ३१ | १४६२६२ | ३५४७४ | ३१४०८ | ४७५४५ | | | ७८९५३ | | ३१८३५ | ३१८३५ |

**अनुसूची : ३**

## अद्यावधिक वेरुजु स्थिति

(रु. हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | **घोराही उप-महानगरपालिका** | दाङ | २४९८५७ | १६२८५७ | ८७००० | २६२४४ | १२००१८ | २३३२६२ |